# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राजबिराज नगरपालिका
## सप्तरी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राजबिराज नगरपालिका
## सप्तरी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राजबिराज नगरपालिका

## सप्तरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ७३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

राजविराज नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

राजविराज, सप्तरी।

१. **कैफियत सहितको राय** – हामीले राजविराज नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१४ करोड ३४ लाख १ हजार बेरुजू देखिएको छ । सो मध्ये त्यहाँबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड ७७ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड १० लाख ३६ हजार, नियमित गर्नुपर्ने रु.९ करोड ४६ लाख २ हजार बेरुजु कायम रहेको छ । राजविराज नगरपालिकाको गतवर्ष सम्म रु. ६५ करोड १५ लाख ४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ७९ करोड ४९ लाख ५ हजार रहेको छ ।राजविराज नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न

छ ।हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ।वित्तीय प्रतिवेदन तयार गर्ने राजविराज नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी राजविराज नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्यामप्रसाद भण्डारी)

**नायब महालेखापरीक्षक**

राजविराज नगरपालिका,

सप्तरी जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | २७६ | १४३४०१ | ० | ० | ० | ७२ | २७६ | १४३४०१ | १७७६३ | ९४६०२ | ३१०३६ | ० | ० | १२५६३८ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | ६५१५०४ | ० | ० | ६५१५०४ | ० | १४३४०१ | ७९४९०५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | - | - | - |
| २ | चालु वर्षको जम्मा | - | - | - |
| ३ | गत विगत वर्षतर्फको | - | - | - |
| ४ | गत विगतको जम्मा | - | - | - |
| ५ | कुल जम्मा | - | - | - |

नोटः गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **कार्यालयको परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय |सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १६ वडा रहेको छ भने क्षेत्रफल ५५.६४ वर्ग किलोमिटर तथा ७०८०३ जनसंख्या रहेको छ ।

२ **लेखापरीक्षणको उद्देश्य -** स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ। वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण लेखापरीक्षण नीति मानदण्ड व्यवस्थापन प्रतिनिधित्व लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षणसम्पन्न गरिएको छ ।

३ **संवैधानिक तथा कानूनी व्यवस्था -** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२९ मा व्यवस्थापकीय अधिकार नगरसभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ। सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।

४ **आर्थिक कारोवारको स्थिती -** आर्थिक कारोवारको स्थिती स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली **(SuTRA)** बाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

**प्राप्ती भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सो झै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सो झै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | १,३६,३९,८८,१५०.६५ | ७६,५२,४६,३८०.७० | | ७६,५२,४६,३८०.७० | ९९,२१,५३,१३६.६२ | | ९९,२१,५३,१३६.६२ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | १,३३,९९,२१,०००.०० | ७३,८०,९३,८७६.५० | ०.०० | ७३,८०,९३,८७६.५० | ९४,४५,९१,९५१.६३ | ०.०० | ९४,४५,९१,९५१.६३ |
| ११००० कर | ११ | १५,८९,९५,०००.०० | १४,३४,२१,७६४.६४ | ०.०० | १४,३४,२१,७६४.६४ | १५,६२,३४,७७२.६० | ०.०० | १५,६२,३४,७७२.६० |
| १३००० अनुदान | | ८२,५६,४०,०००.०० | ५८,६८,६४,२४५.१९ | ०.०० | ५८,६८,६४,२४५.१९ | ७७,०२,८६,१६१.०० | ०.०० | ७७,०२,८६,१६१.०० |
| संघीय सरकार | १२ | ६८,७७,४१,०००.०० | ५३,७५,९४,५३२.४० | ०.०० | ५३,७५,९४,५३२.४० | ६२,५४,३६,३००.०० | ०.०० | ६२,५४,३६,३००.०० |
| प्रदेश सरकार | १२ | १३,७८,९९,०००.०० | ४,९२,६९,७१२.७९ | ०.०० | ४,९२,६९,७१२.७९ | १४,४८,४९,८६१.०० | ०.०० | १४,४८,४९,८६१.०० |
| १४००० अन्य राजस्व | | १,१७,८५,०००.०० | ७७,७८,९६६.६७ | ०.०० | ७७,७८,९६६.६७ | १,४६,९२,०९२.०० | ०.०० | १,४६,९२,०९२.०० |
| १५००० विविध प्राप्ति | | ३,००,०००.०० | २८,९००.०० | ०.०० | २८,९००.०० | ३३,७८,९२६.०३ | ०.०० | ३३,७८,९२६.०३ |
| ३२००० वित्तीय सम्पत्ति | | ३४,३२,०१,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | २,४०,६७,१५०.६५ | २,७१,५२,५०४.२० | | २,७१,५२,५०४.२० | ४,७५,६१,१८४.९९ | | ४,७५,६१,१८४.९९ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | २,४०,६७,१५०.६५ | १,५४,४४,१२९.७४ | ०.०० | १,५४,४४,१२९.७४ | २,८०,०६,००८.०० | ०.०० | २,८०,०६,००८.०० |
| धरौटी | | ०.०० | १,१७,०८,३७४.४६ | ०.०० | १,१७,०८,३७४.४६ | १,९५,५५,१७६.९९ | ०.०० | १,९५,५५,१७६.९९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | १,३६,३९,८८,१५०.६५ | ८५,२३,०४,९६९.३९ | | ८५,२३,०४,९६९.३९ | ८६,७४,६४,९३०.६२ | | ८६,७४,६४,९३०.६२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,३३,९९,२१,०००.०० | ८२,५५,८२,६६९.८२ | | ८२,५५,८२,६६९.८२ | ८३,३७,५२,३३७.५१ | | ८३,३७,५२,३३७.५१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६,६३,६२,०००.०० | १२,०१,७३,९९१.८४ | ०.०० | १२,०१,७३,९९१.८४ | २९,४७,६७,९३४.५० | ०.०० | २९,४७,६७,९३४.५० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,४९,२०,०००.०० | १०,४२,३६,४०५.४८ | ०.०० | १०,४२,३६,४०५.४८ | १३,२७,८६,६६१.०९ | ०.०० | १३,२७,८६,६६१.०९ |
| २५००० सहायता (Subsidy) | १८ | २३,५४,८६,०००.०० | २२,१६,११,७८७.४० | ०.०० | २२,१६,११,७८७.४० | ३,१३,०००.०० | ०.०० | ३,१३,०००.०० |
| २६००० अनुदान | १८ | ८३,००,०००.०० | ८३,००,०००.०० | ०.०० | ८३,००,०००.०० | ५७,५०,०००.०० | ०.०० | ५७,५०,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,१२,८७,०००.०० | ६९,७०,१५८.१० | ०.०० | ६९,७०,१५८.१० | १,७८,०५,२७५.६६ | ०.०० | १,७८,०५,२७५.६६ |
| २८००० अन्य खर्च | १८ | १३,४६,००,०००.०० | १३,३८,६८,५३०.३५ | ०.०० | १३,३८,६८,५३०.३५ | ६,७६,४५,४५१.०० | ०.०० | ६,७६,४५,४५१.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ६३,८९,६६,०००.०० | २३,०४,२१,७९६.६५ | ०.०० | २३,०४,२१,७९६.६५ | ३१,४६,८४,०१५.२६ | ०.०० | ३१,४६,८४,०१५.२६ |
| घ. अन्य भूक्तानी | | २,४०,६७,१५०.६५ | २,६७,२२,२९९.५७ | | २,६७,२२,२९९.५७ | ८६,७४,६४,९३०.६२ | | ८६,७४,६४,९३०.६२ |
| कोषहरु | | २,४०,६७,१५०.६५ | २,०७,११,५२४.१८ | ०.०० | २,०७,११,५२४.१८ | १,९०,३९,२८४.२९ | ०.०० | १,९०,३९,२८४.२९ |
| धरौटी | | ०.०० | ६०,१०,७७५.३९ | ०.०० | ६०,१०,७७५.३९ | १,४६,७३,३०८.८२ | ०.०० | १,४६,७३,३०८.८२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (८,७०,५८,५८८.६९) | | (८,७०,५८,५८८.६९) | १२,४६,८८,२०६.०० | | १२,४६,८८,२०६.०० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३७,८०,५८,८२२.३९ | | ३७,८०,५८,८२२.३९ | २८,१९,३१,६६२.१३ | | २८,१९,३१,६६२.१३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २९,१०,००,२३३.७० | | २९,१०,००,२३३.७० | ४०,६६,१९,८६८.१३ | | ४०,६६,१९,८६८.१३ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | २९,१०,००,२३३.७० | | २९,१०,००,२३३.७० | ४०,९०,०५,९०१.३८ | | ४०,९०,०५,९०१.३८ |

५ **लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.१९४४८२१ असुली भई आन्तरिक राजस्व र सञ्चित कोष दाखिला भएको छ ।

| कार्यक्रम/ब.उ.शी. नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| आन्तरिक आय | आन्तरिक राजस्व | १२५५००५ | २०८०।०५।३१ | राष्ट्रिय वाणिज्य बैङ्क |
| समाजिक सुरक्षा | बैङ्कले फिर्ता गर्नुपर्ने रकम | ४१८०९२ | २०८०।०५।२४/२५ | राष्ट्रिय वाणिज्य बैङ्क |
| दिवा खाजा वापत | रा.ठा.जो.भ.मा.वि. राजविराज | १३७३७९ | २०८०।५।२५ | राष्ट्रिय वाणिज्य बैङ्क |
| | आ.वि.केन्द्र नं.६ | १३४३४५ | २०८०।५।१७ | राष्ट्रिय वाणिज्य बैङ्क |

६ **लेखापरीक्षण -** यस पालिकाको आर्थिक वर्ष २०७९।०८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम

समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

७ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष मित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा पालिकाले असोजमा ट्रान्सफर गरेको छ ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• कतिपय सड्क तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन | लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन।

• पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. (१०३२६३३०१.६७), यस वर्षको प्राप्ति रु. (५२८२३९७८४.५२),यस वर्षको भुक्तानी रु. (२४४२१२६६६.९८) र बैङ्क मौज्दात रु. (१०२८६०.९) फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन | ३७,८०,५८,८२२.३९ | ३७,८०,५८,८२२.३९ | ८५,२३,०४,९६९.३९ | २९,१०,००,२३३.७० |

| | | | | |
|---|---|---|---|---|
| (म.ले.प.फा.नं.२ ७२) | | | | |
| एकीकृत आर्थिक विवरणअनुसार | ४८१३२२१२४.०६ | ९०६२९८६०६.९१ | १०९६५१७६३६.३७ | २९११०३०९४.६ |
| फरक | (१०३२६३३०१.६७) | (५२८२३९७८४.५२) | (२४४२१२६६६.९८) | (१०२८६०.९) |

| सैद्धान्तिक बेरुजु |
|---|

९ **फरक जिम्मेवारी** - नगरपालिकाले आफ्नो आर्थिक कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४६४४२३३३२.६८ मौज्दात रहेकोमा यो वर्ष रु. ४८१३२२१२४.०६ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१६८९८७९१.३८ बढी जिम्मेवारी सारेको सम्बन्धमा कार्यालयले यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१० **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। नगरपालिकाले आर्थिक वर्ष २०७८।०७९ मा परेका आयोजना र कार्यक्रम मध्ये सम्पन्न हुन नसकी भुक्तानी हुन बाकी २ करोड ९६ लाख एकमुष्ट कायम गरी नगरसभाबाट पारित गराएकोमा भुक्तानी हुन बाकी रकम १७ करोड ६५ लाख रहेको भनी त्यो मध्ये यो आ.व मा ८ करोड ०७ लाख ८३ हजार खर्च लेखेको छ ।नगरसभाबाट अनुमोदन गरेको भन्दा बढी रु.५ करोड ११ लाख ८३ हजार खर्चको भुक्तानी गर्न बाकीको कच्चाबारी प्रमाणित नगराइ विभिन्न फर्मको मागदावी भए अनुसार खर्च भएको भन्ने जवाफ पेश भएकोले पारित रकमभन्दा बढी रकमको आइटमवाइज र शिर्षकगत तवरले एकिन गरी पुनः नगरसभाबाट अनुमोदन गर्नुपर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा कार्यालयबाट पेश भएको भुक्तानी गर्न बाकी कच्चावारीको रकम १७ करोड ६५ लाख पेश भएको छ । भुक्तानी बाकीको विवरणमा जुन फर्मलाइ कति रकम के कारणले भुक्तानी गर्न बाकी देखियो भन्ने शिर्षकगत विवरण र कारण नखुलेकोले आर्थिक वर्ष २०७८।०७९ को भुक्तानी गर्न खास बाकी रकम १७ करोड यो आ.व २०७९।०८० मा ८ करोड ७ लाख ८३ हजार खर्च भएको र बाकी ९ करोड ५७ लाख ५० हजार पुनः भुक्तानी गर्न बाकी रहेको भन्ने जवाफ पेश भएकोले शिर्षकगत रकम एकिन गरेर आधार,कारण र प्रमाणको आधारमा मात्रै दायित्व सिर्जना गर्नुपर्नेमा निरन्तर गत आ.व को भुक्तानी बाकीमा खर्च लेखेकोले यस्तो स्थितिमा नियन्त्रण गर्नुपर्दछ। पालिकाबाट हुने खर्च र कार्यक्रमको पारदर्शिता र जवाफदेहिता कायम गरी जनतालाई खर्च हुने रकमको थाहा पाउने किसिमले खर्च गर्ने प्रणाली अवलम्बन हुनुपर्दछ ।

| अनियमित भएको | ५,११,८३,००० |
|---|---|

११ **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.८१२०१४२.१८ पुंजीगत खातामा रु.६४५७६७११.०३, आन्तरिक राजस्व खातामा रु. २००८८६०९.७३, राजस्व बाँडफाँड खातामा रु. ५७७.०३ समेत रु.९२७८६०३९.९७ मौज्दात रहेकोमा पालिकाले असोजमा मात्र सञ्चितकोषमा दाखिला गरेकोले देखिएकोले तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.२००८८६०९.७३ राजस्व बाँडफाँड र अनुदानबाट रु.८७४५०१६२२.७२ समेत रु.८९४५९०२३२.४५ आम्दानी भएकोमा चालु तर्फ रु. ५९५१६०८७३.१७ र पूँजिगत तर्फ रु.२३०४२१७९६.६५ र बित्तिय ब्यबस्था तर्फ रु ० समेत रु.८२५५८२६६९.८२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.३,०३,०८,८०० खर्च भएको छ जुन आन्तरिक आयको १५० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.५२ प्रतिशत चालु र २५.७५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

सैद्धान्तिक बेरुजु

१४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १७७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ९६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार सहायक पाचौ, सहायक चौथो सहित ८१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

सैद्धान्तिक बेरुजु

१५ **तलवी प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गत कर्मचारीहरुको बार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने ब्यवस्था रहेको छ । यस बर्ष पालिकाका कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलव भत्तामा खर्च रु २,७१,७५,२१३ गरेको छ । यसरी तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । कानुन अनुकुल तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु.२३ करोड ४ लाख २१ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा ४ करोड ५० लाख ५७ हजार अर्थात १९.५५ प्रतिशत, दोस्रो त्रैमासिकमा रु ६९ लाख ७९ हजार अर्थात ३.०२ प्रतिशत तेस्रो त्रैमासिकमा रु.१७ करोड ८३ लाख ८५ हजार अर्थात ७७.४१ प्रतिशत र चौथो त्रैमासिकमा रु शून्य खर्च अर्थात ० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु.८ करोड ५२ लाख ४७ हजार अर्थात ३६.९९ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत खर्चतर्फ | २३०४२१ | ४५०५७ | ६९७९ | १७८३८५ | ० | ८५२४७ |
| | प्रतिशत | | १९.५५ | ३.०२ | ७७.४१ | ० | ३६.९९ |

सैद्धान्तिक बेरुजु

१७ **वार्षिक लक्ष्य तथा प्रगति –** कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | | **वार्षिक प्रगति स्थिति** |
|---|---|---|

| | कुल कार्यक्रम | शून्य प्रगती | २५ प्रतिशत सम्म प्रगति | ५० प्रतिशत सम्म प्रगति | ७५ प्रतिशत सम्म प्रगति | *७५ प्रतिशत भन्दा माथि* |
|---|---|---|---|---|---|---|
| **कार्यक्रम संख्या** | २९२ | १४६ | ० | ० | ० | १४६ |

सैद्धान्तिक बेरुजु

१८ **क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरण -** स्थानिय तहले एकीकृत,समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको आ.व २०७९।०८० मा क्षेत्रगत बजेट र खर्चको स्थिती अनुसार नगरपालिकाले पूर्वाधार क्षेत्रमा सबैभन्दा बढी अर्थात रु.५९९६७९००० र सबैभन्दा कम आर्थिक विकासको क्षेत्रमा अर्थात रु.२७६००००० विनियोजन गरेको छ ।कुल खर्चमा खर्च प्रतिशत विश्लेषण गर्दा कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा नै सबैभन्दा बढी ३९.४१% तथा आर्थिक विकासको क्षेत्रमा सबैभन्दा कम अर्थात १.५०% खर्च प्रगति भएको छ ।यसरी सबैभन्दा बढि बजेट विनियोजन गरेको पूर्वाधार क्षेत्रको खर्चमा सबैभन्दा कमी देखिएकोले पालिकाले पूजिगत खर्च गर्ने क्षमतामा सुधार गरी अपेक्षित विकासको नतिजा हासिल गर्ने तथा लक्ष्यनुसार खर्च प्रगति हासिल गरी नगरवासीको सुशासन तथा संस्थागत विकासमा ध्यान दिनुपर्दछ ।

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २७६००००० | १२४४८५९३.१५ | १.५० |
| सामाजिक विकास | २९०६७७००० | २५३३४२४६९.८३ | ३०.६८ |
| पूर्वाधार विकास | ५९९६७९००० | २१३६९५१३६.७७ | २५.८८ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ३६४३०००० | २०७१५३४४.१३ | २.५० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ३८५५३५००० | ३२५३८११२५.९४ | ३९.४१ |
| **जम्मा** | **१३३९९२१०००** | **८२५५८२६६९.८२** | **१००** |

सैद्धान्तिक बेरुजु

१९ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९-०३-०८ मा रु.१,००,६२,८०,०००। सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९-०३-१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९-०३-१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमानै बजेट पेश,स्वीकृत र अख्तियारी प्रत्यायोजन गरी बजेट कार्यान्वयनमा प्रभावकारी ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ। पालिकाले श्रेस्ता भन्दा बैकमा बढी देखिएको रकमका सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | हिसाब मिलान गरेको रकम | फरक |
|---|---|---|---|---|---|
| | आन्तरिक राजस्व खाता | २००८८६०९.७३ | २००८८६०९.७३ | | ० |
| | बांडफांडबाट प्राप्त राजस्व खाता | ० | ५७७.०३ | | ५७७.०३ |
| | आन्तरिक अनुदान खाता | ० | ६६१३२.२५ | | ६६१३२.२५ |
| | चालु खर्च खाता | ८०८३९९०.७६ | ८१२०१४२.१८ | | ३६१५१.४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुँजीगत खर्च खाता | ६४५७६७११.०३ | ६४५७६७११.०३ | | ० |
| | बिबिध खर्च(सडक बोर्ड,युनुसेफ) खाता | १६४४९५३.९६ | १६४४९५३.९६ | | ०.०० |
| | धरौटी खाता | २३४०८१३८.६४ | २३४०८१३८.६४ | | ०.०० |
| | संचित कोष खाता | १७२९८७१५७.०७ | १७२९८७१५७.०७ | | ०.०० |
| | बिबिध कोष(कर्मचारी कल्याण कोष) खाता | ८९०.१३ | ८९०.१३ | | ०.०० |
| | प्रकोप ब्यबस्थापन कोष खाता | २०९७८२.३८ | २०९७८२.३८ | | ०.०० |
| जम्मा | | २९१०००२३३.७ | २९११०३०९४.४ | | १०२८६०.७० |

सैद्धान्तिक बेरुजु

२२ **सशर्त अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान संघीय तर्फ रु.१३५७४३९६७.६० तथा प्रदेश तर्फ रु.२०७५२३८८.३५ देखाएकोमा पालिकाले असाढ मसान्तमा फिर्ता गरेको देखियो ।

सैद्धान्तिक बेरुजु

२३ **सेवा प्रवाह सम्बन्धी विवरण -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयहरुको काम,कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रका जनताहरुलाइ छिटो, छरितो तथा मितव्ययि तवरले सेवा प्रवाह गरी स्थानिय स्तरमा सुशासनको प्रत्याभूति हुने गरी सेवा प्रवाह गर्नुपर्दछ ।उपलब्ध विवरण अनुसार पालिकाले यस आ.व मा प्रदान गरेको सेवा प्रवाहको स्थिती देहायबमोजिम रहेको छ ।

| **विवरण** | **जम्मा संख्या** |
|---|---|

| | |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ४१ |
| जन्मदर्ता | २०३६ |
| मृत्युदर्ता | ४०३ |
| बसाईसराई दर्ता | ९२६ |
| विवाह दर्ता | ७०९ |
| सम्बन्धविच्छेद दर्ता | ११ |
| ग्राभेल सडक निर्माण | ३६ |

सैद्धान्तिक बेरुजु

२४ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ४ वटा नियमावली, ७ कार्यविधि तथा १ वटा निर्देशिका गरी जम्मा २५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ११ र यो बर्ष थप भएको ६६ गरी कुल ७७ विवाद तथा उजुरी दर्ता भएकोमा १७ वटा मात्र फछ्र्यौट भई ६० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नाअनुसारका कुल १४६ योजनामा वजेट विनियोजन गरेको छ। उपर्युक्त विवरणअनुसार नगरपालिकाले साना र

वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष जम्मा १४६ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका ७९ वटा योजना छन् जुन कुल योजना संख्याको ५४ प्रतिशत हुन आउँछ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने हुँदा पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| विवरण | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| योजना संख्या | ९ | १० | ६० | २८ | ३९ | १४६ |
| जम्मा रकम | ६६७१५६.७५ | १७३७५७२.७४ | २४९८८०६२.३५ | २१०६८९७१.१० | १३८१०७३८०.७० | १८६५६९१४३.६० |

सैद्धान्तिक बेरुजु

२७ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१६५०००। आर्थिक सहायता वितरण गरेको छ ।यसरी निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले अनुदानको रकमबाट ट्रान्सफर गरेको रु. ५५ लाख रकमबाट निम्न कर्भचारीहरुलाई अवकाश भए वापत रु. ५४३३५०४ भुक्तानी गरेको छ । कोष संचालन सम्बन्धी कानुनको व्यवस्था पालिकाले नगरेको तथा स्थानीय सरकार संचालन ऐनले व्यवस्था गरे वमोजिम खाइपाई आएको तलवबाट नभई अनुदान रकमबाट कट्टा गरी ट्रान्सफर गरेको रकमबाट खर्च गर्नु उचित देखिएन । यस्तो खर्च कानूनद्वारा व्यवस्थित गरिनुपर्दछ ।

| गो.भौ,.नं. मिति | पाउनेकाो नाम | वापत | रकम |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| ३-०८०।०३।१८ | पार्वती राणा | अनिवार्य अवकाश स्वरुप पाउने सुविधा | १५७१०८८ |
| ३-०८०।०३।१८ | राजकुमार देव | अनिवार्य अवकाश स्वरुप पाउने सुविधा | ३८६२४१६ |
| जम्मा | | | ५४३३५०४ |

सैद्धान्तिक बेरुजु

२९ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य क्षेत्रमा विभिन्न स्वास्थ्य चौकी पोलिटेक्निक अस्पताललाई अनुदान दिई रु. १,०३,००,००० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| क्रस | अनुदान पाउने संस्था | रकम |
|---|---|---|
| १ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | २०,००,००० |
| २ | शहरी स्वास्थ्य केन्द्र वडा नं ६ | २०,००,००० |
| ३ | शहरी स्वास्थ्य केन्द्र वडा नं | १०,००,००० |
| ४ | पोलिटेक्निक इन्ट्युट | २८,००,००० |
| ५ | गजेन्द्र अस्पताल | २५,००,००० |
| जम्मा | | १,०३,००,००० |

सैद्धान्तिक बेरुजु

३० **खरिद आदेश र जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ९५ अनुसार कार्यालयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका सम्पत्ती तथा जिन्सी मालसामानको विवरण मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अधाविधक गर्नुपर्ने र कार्यालयले सामाग्री खरिद गर्नु पूर्व

खरिद आदेश जारी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय अनुसारको समानहरु खरिद आदेश बेगर खरिद भएको र कार्यालयमा जिन्सी दाखिला नगरेकोले उक्त समानहरु खरिद आदेश र दाखिला प्रमाण पेश हुनुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१९,०४३ |

३१ **अस्पताल खर्च -** पालिकाले गजेन्द्र नारायण अस्पताललाई अनुदान बापत २५ लाख खर्च लेखेको छ ।वार्षिक कार्यक्रम र साधारण सभाबाट पारित बजेट बमोजिम भुक्तानी गरेपनि उक्त अनुदान दिनु पर्नाको आवश्यकता र औचित्य पहिचान नभएको, गजेन्द्र नारायण अस्पतालले उक्त कार्यक्रमको आवश्यकता प्रस्तुत र अनुरोध नगरेको देखिन्छ ।लेखापरीक्षणको क्रममा सोधपुछ गर्दा चिकित्सक र अन्य कर्मचारी समेत ४ जना पालिकाले तोके बमोजिम करारमा नियुक्ति गर्न रकम उपलब्ध गराएको भन्ने जवाफ प्राप्त भयो ।गजेन्द्र नारायण अस्पतालमा आवश्यक पर्ने पुरै जनशक्ति रहेको स्थितीमा करारमा भर्ना गरी तलब खुवाउन रकम अनुदान दिनु उचित नभएको र यस्तो खर्च नियमित गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,००,००० |

३२ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **आन्तरिक लेखापरीक्षण शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु. ८८२६३५ असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| ठेक्का लिने व्यक्ती | ठेक्काको नाम | सम्झौता मिति | ठेक्का अवधि वर्षमा | कबोल अंक | मुअकर |
|---|---|---|---|---|---|
| विजय कुमार साह | हटिया गुदडी ठेक्का | २०७९।५।१ | १ | ४५८७००० | ५९६३१० |
| धर्मेन्द्र कुमार चौधरी | पुरनी पोखरी वडा ३ | २०७९।४।१ | ३ | ९९९००० | १२९८७० |
| मनोज कुमार यादव | खाडो नियन्त्रण बालुवा निकासा | २०७९।४।१ | १ | ७५५००० | ९८१५० |
| रामधनी यादव | मुसर्निया पशु हाट ठेक्का | २०७९।४।१३ | ३ | ४१३००० | ५३६९० |
| मुनिता देवी मेहतर | शौचालय ठेक्का | २०७९।४।१ | १ | ३५५०० | ४६१५ |
| जम्मा | | | | | ८८२६३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८२,६३५ |

३५ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाले राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०५ र १०८ नराखेकोले प्रयोग भएका सबै नगदी रसिद पोष्टिङ्ग भएको र कुन कुन समयमा बैंक दाखिला भएको हो यकिन गर्न सकिएन। नगरपालिकावाट उपलब्ध आन्तरिक आयको विवरण अनुसार यो वर्ष रु.२,१५,९६,५४७।३६ आम्दनी गरेको देखिन्छ । उक्त आयको व्यहोरा निम्नानुसार छन् । यो वर्ष नगरपालकाले पूर्ण रुपमा र वडा कार्यालयले आंशिक रुपमा सफ्टवेयर प्रयोग गरी राजस्व सङ्कलन गरेको प्राप्त विवरणबाट देखिन्छ । वडा कार्यायलयहरु समेतलाई पूर्णरुपमा सफ्टवेयर प्रयोग गर्न लगाउनु पर्छ । आन्तरिक आयको लागि प्रयोग गरेको नगदी रसिद र हाटबजार तर्फ प्रयोग भएको नगदी रसिद र सोकोलागी प्रयोग भएको नियन्त्रण खाता नगरपालिकामा नरहेवाट वडा कार्यालय र हाटबजारबाट प्राप्त आम्दनी यकिन हुन सक्दैन । नगरपालिकाले असुल गर्नुपर्ने राजस्व वक्यौताको अभिलेख लगत अद्यावधिक राखेको छैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| ३४८२४७०३१ | २००८८६०९ | ५.७६ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.७६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३७ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ६५०००० | ३७९०४२.०५ | ५८.३१ |
| घरजग्गा वहाल कर | ४०००००० | ५१३१७१८.१८ | १२८.२९ |
| व्यवसाय कर | १०००००० | ९१८५३३.८७ | ९१.८५ |
| वहाल विरौटी शुल्क | ४४१५००० | ५९३८८०८.३६ | १३४.५१ |
| अन्य कर,दस्तुर,शुल्क | १२३३५००० | ७७२०५०७.२७ | ६२.५९ |
| **जम्मा** | **२२४०००००** | **२००८८६०९.७३** | **८९.६८** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **असुली गर्न बाँकी आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार १ ठेकेदारबाट रु ३३३००० असुल गर्ने बाँकी रहेको रु

| ठेक्काको नाम | ठेकेदारको नाम | ;Demf}tf ldlt | अवधी | कबोल अंक | दाखिला रकम | असुल गर्नुपर्ने रु |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पुरनी] पोखरी वडा ६ | धर्मेन्द्र कुमार चौधरी | २०७९.४.१ | ३ वर्ष | ९९९००० | ३३३००० | ३३३००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३३,००० |

३९ **यन्त्र उपकरण सञ्चालन** - पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने भाडाबाट प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| सि.न. | सवारी साधनकोनाम | ईन्धन लागत | जनशक्ति परिचालन | मर्मत खर्च भ्याट समेत | राजश्व संकलन |
|---|---|---|---|---|---|
| १ | JCB | ११०२ लि. डिजल | १ड्राइभर | पेश नभएको | ११५०० |
| २ | ट्रिपर | २१४२ लि. डिजल | १ड्राइभर | पेश नभएको | पेश नभएको |
| ३ | ट्रेकटर | ३१६९ लि. डिजल | १ड्राइभर | पेश नभएको | पेश नभएको |
| ४ | एम्बुलेन्स | ५९५ लि. डिजल | १ड्राइभर | पेश नभएको | ५३६०० |

जेसिवि ट्रिपर ट्रेक्टर र एम्बुलेन्सको ईन्धन ७००८ लिटर खपत भएकोले कहाँ कुन ठाउँ प्रयोजनमा यी सवारी साधन प्रयोग भएको भन्ने लगबुक र प्रमाण पेश भएको छैन। प्रमाण राखेर मात्र खर्च गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४० **आयोजना बैंक** - स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघिय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाइ ध्यान दिइ योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ ।योजना बनाउँदा आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानिय स्तरका जनताको सहभागिता जुट्ने, स्वयंम परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानिय स्रोत साधन र सीपको अधिकतम

प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाइ प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आवधिक योजना बनाइ कार्यान्वयनमा ल्याएको पाइएन । स्थानिय आवधिक योजना र आयोजना बैकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **धरौटी सदरस्याहा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६५, ६७, ६८ बमोजिम जुन प्रयोजनका लागि धरौटी राखिएको हो सो कार्यको म्याद समाप्त भए पश्चात र म्याद नतोकिएकोमा ३० दिनभित्र राजस्वमा दाखिला गरी आम्दानी बाध्नुपर्ने र सकारकर्ताले सम्झौता गर्न नआएका वा ठेक्का तोडेमा धरौटी जफत गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपरोक्त ठेक्का व्यवस्थाको सम्झौता गर्दा निम्न व्यक्तिको आफुले राखेको धरौटी रकम ठेक्का तोडेकोले धरौटी जफत गरेको देखियो ।धरौटी खाताबाट सदरस्याहा तथा जफत रकम स्थानीय संचित कोष दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **धरौटी जफत गरेको व्यक्तिको नाम** | **आय ठेक्का** | **बापत** | सदरस्याहा रु |
|---|---|---|---|
| | पुरनी पोखरी वडा ३ | **धरौटी जफत** | ७२००० |
| शत्रुधन प्रसाद गुप्ता | हटिया गुदडी ठेक्का | **धरौटी जफत** | २७५००० |
| जम्मा | | | ३४७००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४७,००० |

४२ **धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर चुक्ता प्रमाण संलग्न नगरी देहायको निर्माण व्यवसायी र सप्लायर्सको धरौटी रकम फिर्ता गरेकोले भुक्तानी भएको वर्षको कर चुक्ता प्रमाण र भुक्तानी भएको रकमको मल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं. /मिति | व्यवसायीको नाम | धरौटी फिर्ता रु |
|---|---|---|
| १०-०७९।०६।१४ | आर के इन्टरप्राइजेज | २७४२२१ |
| २०-०७९।०७।२० | अनिमेष निर्माण सेवा | ५६२१३ |
| २४-०७९।०८।१३ | हायात ट्रेडर्स एण्ड सप्लायर्स | १२०५०० |
| २४-०७९।०८।१३ | अलि ट्रेडर्स | ४४००० |
| २४-०७९।०८।१३ | न्यु आशिया ट्रेडर्स | ४४००० |
| २४-०७९।०८।१३ | आविशकार इनर्जी कम्पनी प्रा लि | ६०००० |

| | | |
|---|---|---|
| ४४-०८०।०१।०५ | सुन्दर कन्सट्रक्सन | ११०००० |
| ५०-०८०।०२।११ | आयुष ट्रेडर्स एण्ड सप्लायर्स | ११०८८४ |
| | जम्मा | ८१९८१८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,१९,८१८ |

४३ **कानुनी सल्लाकार** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धीऐन, २०७५ मा मधेश प्रदेशमा स्थानीयतहका प्रमुख तथा उपप्रमुखले स्वकीयसचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । कानुनले ब्यबस्था गरेको भन्दा भिन्न तरिकाले कानुनी सल्लाकारका रुपमा नियुक्ती गरी २ जनाको निम्मानुसार रु १०५५२१६ गरेकोले खर्च लेखेकाले कानुनी सल्लाहकारको रुपमा १ जना राख्नै पर्ने भएमा विधी र प्रकृया पुरा गरी मितव्ययी प्रकृया अपनाउन ध्यान दिनु पर्दछ।

| सि नं | पदको नाम | नाम | बार्षिक भुक्तानी रकम |
|---|---|---|---|
| १ | कानुनी सल्लाकार | शिव कुमार चौधरी | ५३९४९० |
| २ | सहायक कानुनी सल्लाकार | रमेश साफी | ५१५७२६ |
| | जम्मा रु | | १०५५२१६ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **पदाधिकारी सेवासुबिधा** - मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन २०७७ अनुसार पदाधिकारी तथा सदस्यले पाउने सुबिधाको ब्यबस्था गरेको छ । पालिकाले पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु ३,०३,०८,८०० खर्च लेखेको देखिन्छ। उक्त खर्च नगरपालिकाको यो बर्षको आन्तरिक आय रु २,१५,९६,५४७ को तुलनामा १४०.३४ प्रतिशत रहेको देखिन्छ । उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजस्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५ **बैठक भत्ता** - स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७७ को दफा ७ मा पदाधिकारी तथा सदस्यले प्रत्येक महिनामा बढीमा ३ वटा बैठक सम्मको अनसुचि बमोजिमको बैठक भत्ता पाउने व्यवस्था गरेको छ ।यो वर्ष पालिकाले देहायका पदाधिकारीलाई वार्षिक ३६ वटा सम्मको र गत आ.व.को २ महिनाको बैठक भत्ता बाँकी

रहेकोले जम्मा ४२ वटा बैठक भत्ता दिनुपर्नेमा सो भन्दा बढीको बैठक भत्ता दिएकोले सो बढी रकम असुल उपर गर्नुपर्ने रु

| पदाधिकारीको नाम | जम्मा भुक्तानी भएको बैठक संख्या | बढी भुक्तानी भएको बैठक संख्या | बैठक भत्ता दर कर बाहेक | असुल गर्नुपर्ने रु |
|---|---|---|---|---|
| चन्द्रशेखर चौधरी | ८३ | ४१ | १२७५ | ५२२७५ |
| अरुण कुमार यादव | ७० | २८ | १२७५ | ३५७०० |
| अनिल कुमार दास | ७६ | ३४ | १२७५ | ४३३५० |
| दिनेश कुमार साह | ७६ | ३४ | १२७५ | ४३३५० |
| बन्धुलाल दास | ७७ | ३५ | १२७५ | ४४६२५ |
| शशी कुमार चौधरी | ७४ | ३२ | १२७५ | ४०८०० |
| सुभाष चन्द यादव | ७६ | ३४ | १२७५ | ४३३५० |
| जयनारायण यादव | ७६ | ३४ | १२७५ | ४३३५० |
| जबार यादव | ७६ | ३४ | १२७५ | ४३३५० |
| गंगाराम खग | ७६ | ३४ | १२७५ | ४३३५० |
| उदित नारायण यादव | ७६ | ३४ | १२७५ | ४३३५० |
| रामचन्द यादव | ७८ | ३६ | १२७५ | ४५९०० |
| त्रिलोकी नाथ चौधरी | ७५ | ३३ | १२७५ | ४२०७५ |
| जगदिश मण्डल | ७६ | ३४ | १२७५ | ४३३५० |
| ओम नारायण | ७७ | ३५ | १२७५ | ४४६२५ |
| रामअकवाल साह | ६४ | २२ | १२७५ | २८०५० |
| मंजु कुमारी खडक | ७६ | ३४ | १२७५ | ४३३५० |
| सोनी कुमारी | ७५ | ३३ | १२७५ | ४२०७५ |
| ललिता देवी कर्ण | ५२ | १० | १२७५ | १२७५० |
| रेखा देवी मण्डल | ७६ | ३४ | १२७५ | ४३३५० |
| घुरनी देवी साफी | ५२ | १० | १२७५ | १२७५० |

| | | | | |
|---|---|---|---|---|
| बोध देवी यादव | ४८ | ६ | १२७५ | ७६५० |
| लिखनी देवी राम | ४८ | ६ | १२७५ | ७६५० |
| शिवदत्त साह | ४८ | ६ | १२७५ | ७६५० |
| खेलान्द यादव | ४८ | ६ | १२७५ | ७६५० |
| जम्मा | | | | ८६५७२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,६५,७२५ |

४६ **करार सेवा शुल्क -** यस पालिकाले १९ जना कर्मचारीहरुलाई बिभिन्न पदमा गत बिगत देखि करार नियुक्त गरेको देखियो । पालिकाको लागि आवश्यक कर्मचारीको दरबन्दी सम्बन्धी संगठन तथा ब्यवस्थापन सर्वे गरी एकिन नगरी कार्यपालिकाको निर्णय अनुसार ब्यक्तिगत रुपमा विभिन्न पदमा २८ जना कर्मचारीहरु नियुक्ति गरी बजेट खर्च नम्वर करार सेवा शुल्क वापत रु १,४१,०१,१११ पारिश्रमिक भुक्तानी खर्च लेखेको छ। यसरी कर्मचारी नियुक्ति गरेको उपयुक्त देखिएन । संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरबन्दी एकिन गरी स्थायी पदपुर्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४७ **इन्धन खर्च**

४७.१ इन्धन कार्यालय प्रयोजन र गत वर्षको योजना शिर्षकबाट इन्धनमा रु.८७०४३६५। खर्च लेखेकोमा कार्यालयले उपलब्ध गराएको लगबुक अनुसार विभिन्न सवारीसाधनहरु (जस्तै बारुणयन्त्र,टेक्टर,JCB, एम्बुलेन्स,ट्रिपर,जीप तथा मोटरसाइकल) मा खपत भएको जम्मा इन्धन डिजल १४४३४ लि. र पेट्रोल ३७०० लि. तथा मोबिल तथा अन्य इन्धन १८४ लि. खपत भएको देखिन्छ भने गत वर्षको योजना शिर्षकबाट भुक्तानी दिनुपर्नाका कारणसहितको प्रमाण पेश गरेको पाइएन। यसरी खपत भएको इन्धनमा डिजल औषत प्रतिलिटर रु.१६० दरले हुने खर्च रु.२३०९४४०। र पेट्रोल औषत प्रतिलिटर १६२ दरले हुने खर्च रु.५९९४००। मोबिल तथा अन्य इन्धन प्रतिलिटर ७०० का दरले हुने खर्च रु.२१०७०० गरी जम्मा रु.३११९५४० हुन आउछ ।अतः इन्धन बापत बढि खर्च रु.५५८४८२५ लेखेकोले तथा लगबुक नराखि खर्च गरेकोले सो रकम बराबर प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,८४,८२५ |

४७.२ **पदाधिकारी इन्धन सुविधाः** प्रचलित मापदण्ड अनुसार उप- प्रमुखले महिनाको १२५ लि. इन्धन र चौमासिक १० लिटर मोबिल पाउने व्यवस्था रहेकोमा वार्षिक १५०० लि. इन्धन र ३० लि. मोबिल पाउने व्यवस्था रहेकोछ। कार्यालयले इन्धन पदाधिकारी अन्तर्गत उप- प्रमुखले मात्र यो सुविधा पाउने देखिन्छ अर्थात अन्य पदाधिकारीहरुले सवारी साधन सुविधा नलिई यातायात भत्ता लिएकोले यो शिर्षकमा जम्मा वार्षिक रुपमा रु. २६१००० खर्च गर्नुपर्नेमा पालिकाले पदाधिकारी इन्धन

सुविधामा रु.२२६१०६१ खर्च गरेकोले बढी खर्च रु.२००००६१ गरेको छ र बढी खर्च गर्नुपर्ने आवश्यकता तथा उद्देश्य सहितको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००,०६१ |

४८ **डोर हाजिरी -** नगरपालिकाले दैनिक ज्यालादारीमा डोर हाजिरी मार्फत वार्षिक रुपमा १०५ जना र विभिन्न अवधिमा विभिन्न व्यक्तिहरुलाई डोर हाजिरमा काम गरेको भनी यो बर्ष रु १,५६,९९,८८० खर्च गरेको देखिन्छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण को माध्यमबाट बास्तविक आवश्यक दरबन्दी एकिन नगरी पटके निर्णयद्धारा व्यक्तिहरुलाई डोर हाजिरमा राखी तलब खर्च लेखेको उचित देखिएन । यसरी दरबन्दी एकिन नगरी र बास्तविक कार्य मूल्यकाकंन द्वारा पद सिर्जना नगरी डोर हाजिरमा राखि पारिश्रमिक खर्च लेखिएका कर्मचारीहरुबाट भएको कार्य सम्पादन सम्बन्धमा आश्वस्त हुन सकिएन । डोर हाजिरमा तलब भुक्तानी भएका व्यक्तिहरुबाट बास्तवमा कार्य सम्पादन भए नभएको एकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९ **गैर सरकारी संस्था मार्फत खरिद**

४९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ । साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । नमूना छनौट गरी परीक्षण गरीएका देहाय बमोजिमका सेवा खरिदमा आयकर ऐन,२०५८ बमोजिम मु.अ.करमा दर्ता नभएका सँग सेवा खरिद गर्दा १५ प्रतिशत अग्रिम आयकर कट्टी गर्नुपर्नेमा सो कट्टी नगरी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

| भौ नं/मिति | गैससको नाम | कार्यक्रम | भुक्तानी रु | कट्टी भएको | कट्टी बाँकी रु |
|---|---|---|---|---|---|
| ३९९-०८०।०२।२६ | एभरग्रीन नेपाल | महिला हिंसा सम्बन्धी कार्य | १९९५०० | ९२३२ | २०६९३ |
| ४००-०८०।०२।२६ | परिकल्पना नेपाल | बाल क्लब गठन | २००००० | ८५०० | २१५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४०८-०८०।०२।२७ | सहयोगि समाज नेपाल | लागु औषधी नियन्त्रण सम्बन्धी कार्यक्रम | ९९९९० | ४८६७ | १०१३२ |
| ४१४-०८०।०२।३० | श्री गोदावरी महिला बहुउदेश्य | महिला समितिलाई संस्थागत विकास कार्यक्रम | १००००० | ४०६५ | १०९३५ |
| ४२०-०८०।०२।३२ | समुदायिक महिला | लक्षित वर्गलाई जनचेतनामुलक कार्यक्रम | ४९८९०० | १०४९८ | ६४३३७ |
| ४८८-०८०।०३।१८ | विकासका लागि भिजन नेपाल | विपद व्यवस्थापन सम्बन्ची जनचेतनामुलक तालिम | १९९४०० | ४८३६ | २४३४९ |
| ४८९-०८०।०३।१८ | छिन्नमस्ता विकार केन्द्र नेपाल | जेष्ठनागरिकलाई विभिन्न कार्यक्रम | २९८८५० | ७४३८ | ३७३८९ |
| ५०७-०८०।०३।२१ | राष्ट्रिय बहुसमाज केन्द्र नेपाल | न्यायि समिति तथा कानुन सम्बन्धि जनचेतनामुलक कार्यक्रम | ९९८५०० | २८८७७ | १२०८९८ |
| ५१२-०८०।०३।२१ | सप्तरी बहिरा संघ | बहिराहरुको लागि दोभाषे कार्यक्रम | १००००० | ५२५० | ८७७५ |
| ५३२-०८०।०३।२२ | मधेष विकास केन्द्र | फोंहरमैला व्यवस्थापन तथा डस्टबीन वितरण कार्यक्रम | २९२९०० | ६४९९ | ३८४११ |
| ५३४-०८०।०२।२२ | मानव अधिकारका लागि महिला एकल महिला समुह | मासुको अचार बनाउने तालिम | १४२३७२ | ७४२७ | १५०४३ |
| ४९६-०८०।०३।२० | विवेकशील युवा जागरण केन्द्र | वातावरण सम्बन्धी कार्यक्रम | ६७९३४८ | २०२५१ | ८४६८९ |
| ४९४-०८०।०३।१९ | सप्तरी क्रिकेट संघ | नगरस्तरीय मेयर कप क्रिकेट प्रतियोगिता | १९०४३३३ | ९५६६७ | २०४३३३ |
| ५१७-०८०।०३।२२ | राष्ट्रिय महिला समाज | वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन कार्यक्रम | १९५३५२ | ४१४७ | २५७७८ |
| ४५२-०८०।०३।१४ | विकासका लागि भिजन नेपाल | क्षमता विकास कार्यक्रम | १४१५९५ | ८४०५ | १४०९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४३-०८०।०३।१३ | सहयोगी समाज | तेस्रोलिङ्गि समुदायको लागि सीपमुलक तालिम संचालन | १९२११७ | ७८८२ | २२११८ |
| ४४२-०८०।०३।१३ | छिन्नमस्ता विकास केन्द्र | पुराना महिला समितीलाई आधारभूत तालिम | १९१६८४ | ७७९५ | २२१२७ |
| ३९८-०८०।०२।२६ | मधेश विकास केन्द्रनेपाल | सरसफाइ कार्यक्रम | २९०६४९ | ८६०१ | ३६२८७ |
| ३९७-०८०।०२।२६ | सामाजिक न्याय तथा विकास मञ्च | क्षमता अभिवृद्धि कार्यक्रम | ४८३२३१ | १५७४९ | ५९०९८ |
| ३९५-०८०।०२।२५ | स्वदेश जनसेवा केन्द्र | महिलाहरुलाइ सेनेटरी बनाउने तालिम संचालन(मू.अ.करमा दर्ता भए तापनि मू.अ.कर बिजक जारी नगरेको । | ४८२०१३ | १७७८७ | ५७१८३ |
| ४३३-०८०।०३।१२ | मधेश विकास केन्द्र नेपाल | विपद व्यवस्थापन कार्यक्रम | ९६४९७ | ३५०३ | ११४९७ |
| ३१८-०८०।०१।२९ | सामाजिक न्याय तथा विकास समाज | महिला हिंसा सम्बन्धी सचेतनामूलक तालिम (मू.अ.करमा २०८०।०३।१३ मा दर्ता भएको) | ९४२७६ | ५७१४ | ९२८६ |
| ३२९-०८०।०२।०३ | नेपाल राउत मेहत्तर उत्थान समाज | महिला समूह समितीका सदस्यहरुका लागि अनुशिक्षण तालिम | ९४२४१ | ५७५९ | ९२४१ |
| ३१५-०८०।०१।२९ | मधेशी एकल महिला संघ | ज्येष्ठ नागरिक परिचयपत्र सम्बन्धी अभिमूखिकरण कार्यक्रम | ९४३०६ | ५५९४ | ९३९१ |
| जम्मा | | | | | ९३७५८५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,३७,५८५ |

४९.२ स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७अनुसार स्थानिय स्तरका सीप तथा क्षमता विकास तालिमका लागि आवास बस्नु नपर्ने अवस्थामा खाजा तथा खाना वापत रु २५० सम्म खर्च गर्न सक्ने व्यवस्था छ। देहायका कार्यक्रममा खाना तथा खाजाका लागि तोकिएका मापदण्डको दर भन्दा बढी दरमा खर्च विवरण बनाई भुक्तानी भएकोले बढी भुक्तानी असुल उपर गर्नुपर्ने रु

| गो भौ नं | भुक्तानी पाउने | कार्यक्रम | संख्या | भुक्तानी दर | बढी दर | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| ३९९ | एभरग्रीन नेपाल | महिला हिंसा सम्बन्धी कार्य | ४० | ६२५ | ३७५ | १५००० |
| ४२० | समुदायिक महिला | लक्षित वर्गलाई जनचेतनामुलक कार्यक्रम | ५० | ५५० | ३०० | १५००० |
| ४८८ | विकासका लागि भिजन नेपाल | विपद व्यवस्थापन सम्बन्ची जनचेतनामुलक तालिम | ८५ | ४३० | १८० | १५३०० |
| ५०७ | राष्ट्रिय बहुसमाज केन्द्र नेपाल | न्यायि समिति तथा कानुन सम्बन्धि जनचेतनामुलक कार्यक्रम | ६६० | ५८० | ३३० | २१७८०० |
| ५०८ | नेपाल सहयोगि संस्था | बालबिवाह सम्बन्धि जनचेतनामुलक कार्यक्रम | ५५ | ४५० | २०० | ११००० |
| ५०८ | नेपाल सहयोगि संस्था | बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण सम्बन्धि कार्यक्रम | ५५ | ४५० | २०० | ११००० |
| ५३४ | मानव अधिकारका लागि महिला एकल महिला समुह | मासुको अचार बनाउने तालिम | ३० | ३५० | १०० | ३००० |
| ३१६-०८०।०१।२९ | योगनीमाइ सामुदायिक विकास केन्द्र नेपाल | सीपमूलक तथा क्षमता विकास कार्यक्रम (८ दिन) | ६० | ५०० | २५० | १२०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३०५-०८०।०१।२७ | जानकी महिला कृषि तथा पशुपंक्षी सहकारी संस्था लि. | प्रजनन् स्वास्थ्य सम्बन्धी तालिम (४ दिन) | ३३ | ३५० | १०० | १३२०० |
| ३१९-०८०।०१।२९ | सहयोगी समाज नेपाल | पुराना माहिला समितीहरुलाई पापड बनाउने तालिम (४ दिन) | ४० | ५५० | ३०० | ४८००० |
| ३१३-०८०।०१।२९ | सामाजिक सुरक्षा तथा विकास केन्द्र | संस्थागत विकास तथा सुशासन कार्यक्रम (२दिन) | ३५ | ७०० | ४५० | ३१५०० |
| ३१४-०८०।०१।२९ | सामाजिक सुरक्षा तथा विकास केन्द्र | विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम (४ दिन) | ४५<br>४० | ५५० | ३००<br>३०० पानी ,चिया | १०२००० |
| ३८६-०८०।०२।२४ | राष्ट्रिय जनजागरण अभियान नेपाल | महिलाहरुको क्षमता विकास कार्यक्रम (९दिन) | ३५ | ६०० | ३५० | ११०२५० |
| ३८५-०८०।०२।२४ | युवा एकता नेपाल | क्षमता तथा नेतृत्व विकास तालिम (१५ दिन) | ५० | ३०० | ५० | ३७५०० |
| ४४३-०८०।०३।१३ | सहयोगी समाज | तेस्रोलिङ्गी समुदायको लागि सीपमूलक तालिम संचालन (३दिन) | ३५ | ५५० | ३०० | ३१५०० |
| ३८८-०८०।०२।२४ | सर्वोत्थान तथा मानव अधिकार नेपाल | बाल विकास तथा किशोर किशोरीलाई अभिमूखिकरण कार्यक्रम (६दिन) | ५२ | ५५० | ३०० | ९३६०० |
| ३२९-०८०।०२।०३ | नेपाल राउत मेहत्तर उत्थान समाज | महिला समुह समितीका सदस्यहरुका लागि अनुशिक्षण तालिम (२दिन) | ४२ | ५५० | ३०० | २५२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,००,८५० |

४९.३ स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ अनुसार स्थानिय स्तरका सिप तथा क्षमता विकास तालिमका लागि प्रशिक्षक भत्ता वापत रु १००० दिनुपर्ने व्यवस्था छ। देहायका कार्यक्रममा प्रशिक्षक भत्ता तोकिएका मापदण्डको दर भन्दा बढी दरमा खर्च विवरण बनाई भुक्तानी भएकोले बढी भुक्तानी असुल उपर गर्नुपर्ने रु

| गो भौ नं | भुक्तानी पाउने | कार्यक्रम | संख्या | दिन | भुक्तानी दर | बढी दर | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|
| ५०७ | राष्ट्रिय बहुसमाज केन्द्र नेपाल | न्यायि समिति तथा कानुन सम्बन्धि जनचेतनामुलक कार्यक्रम | २ | १० | २५०० | १५०० | १५००० |
| ५३४ | मानव अधिकारका लागि महिला एकल महिला समुह | मासुको अचार बनाउने तालिम | २ | ३ | ३००० | २००० | ६००० |
| ३८६-०८०।०२।२४ | राष्ट्रिय जनजागरण अभियान नेपाल | महिलाहरुको क्षमता विकास कार्यक्रम | २ | ९ | २००० | १००० | १८००० |
| ३२९-०८०।०२।०३ | नेपाल राउत मेहत्तर उत्थान समाज | महिला समुह समितीका सदस्यहरुका लागि अनुशिक्षण तालिम | २ | २ | ३००० | २००० | ८००० |
| जम्मा | | | | | | | ४७००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,००० |

५० **प्रमाण पेश गर्नुपर्ने** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखालाइ प्रमाणित गर्ने बिल भरपाइ तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नुपर्दछ ।कार्यालयले तपशिलमा उल्लेखित भए बमोजिमका व्यक्ति तथा संस्थालाइ भुक्तानी दिदा सोलाइ प्रमाणित गर्ने कागजातहरु पेश भएको नदेखिएकोले प्रमाण पेश गर्नुपर्ने रु. १४५६०५०

| गो.भौ.नं मिति | भुक्तानी पाउने व्यक्ति/संस्था | रकम रु. | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३०६-२०८०।०१।१९ | नविन अफसेट प्रेस | १९२१०० | पत्रपत्रिका,छपाई तथा सूचना प्रकाशन |
| ७०-२०७९।०७।२३ | हिमाल तराइ पहाड अनलाइन खबर | २२६००० | सूचना प्रकाशन गरेको प्रमाण पेश नगरेको । |
| ६९-२०७९।०७।२२ | टाइम्स ब्रोडकास्टिङ्ग नेटवर्कस प्रा.लि | ५०००० | सूचना प्रकाशन गरेको प्रमाण पेश नगरेको । |
| ३६५-२०८०।०२।२१ | चन्द्र इश्वर ट्रेडर्स | १९९९३८ | वडा नं ८ का महिलाहरुलाइ २६०२ थान प्याड वितरण गरेको वितरण भर्पाइ पेश नभएको । |
| ३६४-२०८०।०२।११ | वि.वि ट्रेडर्स एण्ड सप्लायर्स | १९९४५० | वडा नं ८ Swing Bin डस्टबिन २८७ थान वितरणको विवरण पेश गर्नुपर्ने । |
| ३२७-२०८०।०२।०२ | कंकालिनी माई सामुदायिक विकास केन्द्र | १८९९६६ | वडा नं १० मा खेलकुद कार्यक्रमका लागि सामाग्री खरिद गरेकोमा सो सामाग्रीहरु कुन-कुन टिम र खेलाडीहरुलाई वितरण गरेको हो सोको वितरण भर्पाइ गर्नुपर्ने । |
| ४५९-२०८०।०३।१४ | राजदेवी स्पोर्टस सेन्टर | ३९८५९६ | खेलकुद सामाग्री वितरणको भर्पाइ पेश नभएको । |
| | | १४५६०५० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,५६,०५० |

५१ **प्रमाण पेश गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ । तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था

मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ । पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ । साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयोकोले पालिकाले कार्यक्रम संचालन भएको फोटो प्राविधिक मूल्याङ्कन, अनुगमन प्रतिवेदन र कार्य सम्मपन प्रतिवेदन लगायत कार्यक्रम संचालन प्रमाणित गर्ने कागजात पेश गर्नुपर्ने रु

| गो भौ नं | भुक्तानी पाउने | कार्यक्रम | रकम |
|---|---|---|---|
| ३२६-०८०।०२।०२ | सप्तकोशी सामुदायिक विकास केन्द्र | क्षमता विकास कार्यक्रम (८ दिन) | ७९९१०० |
| ४४४-०८०।०३।१३ | योगनीमाई समुदायिक विकास केन्द्र | विपत सम्वन्धी कार्यक्रम | ४९८५०० |
| ३९४-०८०।०२।२५ | लोकहित नेपाल | विपत व्यवस्थापन कार्यक्रम | ४९९००० |
| १७७-०८०।०३।१२ | विकासका लागि भिजन नेपाल | जनचेतना सम्बन्धी कार्यक्रम | २९९६०० |
| | | | २०९६२०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,९६,२०० |

५२ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन शिर्षकबाट ३७० थान सिरक कम्बल खरिद गरी एन सी जनेरल ट्रेडर्स एण्ड सप्लायर्स लाई रु. ४९९६२९ भुक्तानी दिएको छ। खरिद गरेको सामाग्री पालिकाले ३७० थान सिरक कम्बल वितरणको लागि पठाएकोमा २८२ थान सिरक कम्बल वितरण गरेको विवरण पेश भएतापनि बाँकी ८८ थान सिरक कम्बल वितरणको प्रमाणित भरपाई पेश भएको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ । साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई पालिकाले संलग्न नगरेको हुँदा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरणको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,६२९ |

५३ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु १८०१३७१ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ

।साथै सूचना प्रविधीको वर्तमान युगमा प्रचलित कानून बमोजिम पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने सूचनाहरु बाहेक अन्य शुभकामना तथा जनचेतनामूलक सन्देशहरु कार्यालयको वेभसाइट, फेसबुक पेज लगायतका सामाजिक सञ्चालहरु प्रयोग गरी सार्वजनिक खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **मर्मत तथा सम्भार खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । मर्मत खर्च लेखेका सामानहरुमा डेक्सटप, कम्प्युटर, ल्यापटप, प्रिन्टर, चार्जर, माउसका साथै मेशीनरी औजार र सवारी साधनहरु रहेका छन। कार्यालयले सवारी साधन तथा औजार सामाग्री मर्मतको स्थायी अभिलेख र लगसिट तयार नगरेको एवंम् व्यक्तिको नाममा समेत मर्मत तथा सम्भार बापत भुक्तानी दिएको हुँदा मर्मत खर्च यथार्थ हो भन्नेमा विश्वत हुन सकिएन। मेशिन औजार मर्मतको अभिलेख खाता नराख्दा गत आ.व. मा भएको खर्च संग तुलना गरी भिडाउने आधार देखिएन। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ ।पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.फा.नं ४१५ तयार नगरी सवारी साधन मर्मतमा रु.३४९९२०० खर्च लेखेको छ ।अतः नियमको पालना गरी खर्च व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **घर तथा जग्गा भाडा -** सार्वजनिक खरिद नियमावलीको नियमावलीको नियम ९४ मा घरजग्गा भाडामा लिने सम्बन्धी व्यवस्था रहेको छ ।उक्त नियम अनुसार घरजग्गा भाडामा लिने सार्वजनिक निकायले नियम ९४ को उपनियम २(१) बमोजिमका कुराहरु खुलाइ सात दिनको सूचना टास गर्ने उक्त अवधिभित्र पर्न आएका प्रस्तावहरुलाइ जिल्ला घरभाडा निर्धारण समितीमा पेश गरी निर्धारण समितीले निर्धारण गरे बमोजिमको दरमा घरजग्गा धनीसँग सम्झौता गरी भाडामा लिनुपर्ने हुन्छ। पालिकाले सो बमोजिम नगरी सोझै विभिन्न व्यक्तिहरुसँग घरभाडा तथा फोहोरमैला व्यवस्थापनका लागि जग्गा भाडा सम्बन्धी सम्झौता गरी घरभाडा तथा जग्गा भाडा बापत रु.१०१६४३६। खर्च लेखेको छ ।पालिकाले प्रचलित नियमको परिपालना गरी सार्वजनिक खर्चलाइ व्यवस्थित तवरले खर्च गर्न ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५६ **वडा संचालन खर्च**

५६.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ९५ अनुसार कार्यालयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका सम्पत्ती तथा जिन्सी मालसामानको विवरण मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अधाविधक गर्नुपर्ने व्यवस्था छ। पालिकाको जिन्सी हिसाव तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले मिति २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेकोमा पालिकाले मात्र PAMS को प्रयोग गरेको र वडा कार्यालयहरुले खरिद गरेका मसलन्द तथा कार्यालय सामाग्रीहरुको PAMS मा दाखिला नगरी वडा रजिष्टरमा दाखिला गर्ने गरेको देखियो । खरिद भएका सामाग्रीहरुको तथा मर्मत सम्भारको अभिलेख

राख्नुपर्नेमा नराखेकोले नियम कानूनअनुसार एउटै जिन्सी मूल आम्दानी बाँध्नु पर्नेमा सो नगरी मसलन्द सामाग्री तथा मर्मत सम्भार बापत रु. ६७५२००० खर्च लेखेको पाइयो ।पालिकाको वडा कार्यालयका वडा सचिवहरुले आफै खरिद आदेश दिने, आफै वडामा दाखिला गर्ने प्रवृति हटाइ अनिवार्य रुपमा मुल जिन्सी आम्दानी बाँधेर मात्र यस्तो खर्च लेख्नु पर्नेमा नगरेकोले नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६७,५२,००० |

५६.२ पालिकाले वडाहरुलाइ विभिन्न शिर्षकहरुमा वार्षिक रु.११०००००। विनियोजन गरेको पालिकाको आ.व २०७९।०८० को नीति,कार्यक्रम तथा योजना पुस्तिकाबाट देखिन्छ । प्रत्येक वडाहरुलाइ विनियोजन गरेको रकम ९९.९९ प्रतिशत खर्च भएको देखिन्छ। वडाहरुलाइ कर्मचारी पारिश्रमिक बापत विनियोजन भएको रकममा विभिन्न कर्मचारीहरुलाइ डोर हाजिर मार्फत काममा लगाइ रु.४७४५८०० भुक्तानी दिएको देखियो ।कर्मचारीहरु नियुक्तीको मापदण्ड, नियुक्ति प्रक्रिया परीक्षणको क्रममा पेश नभएको र प्रमाण आधार बेगर डोर हाजिरमा राखि खर्च लेखेको छ ।अतः आवश्यकता र उचित मापदण्ड, संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत दरवन्दी भित्र कर्मचारीहरुको नियुक्ती गर्नुपर्नेमा मौखिक आवश्यकताको आधारमा डोर हाजिरीमा राखि रु.४७४५८०० लेखेकोमा अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४७,४५,८०० |

५७ **सवारी साधन भाडा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिती गठन गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी विवरण, स्पेशिफिकेशन, अवस्था र आयु, प्रचलित बजार,भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाइ विचार पुर्याउनुपर्ने उल्लेख छ ।तर पालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागि सवारी साधन भाडामा लिइ रु.१०२५३३२। खर्च लेखेको छ ।उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयारी गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी व्यक्ति तथा संस्थासँग सोझै सम्झौता गरेको पाइयो ।यसरी खरिद नियमावलीले तोकेको प्रक्रिया अपनाएको नदेखिएकोले खर्च रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,२५,३३२ |

५८ **भ्रमण, अनुगमन तथा मूल्यांकन खर्च -** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूचि ६ बमोजिमको ढाचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी भ्रमण खर्चमा रु.८९९०२५ र अनुगमन तथा मूल्यांकन खर्चमा रु.३५९५००।खर्च लेखेकोमा भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन व्यवस्थित राखेको छैन । नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५९ **विविध खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याइ हुने प्रमाण र कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।वडा कार्यालय बाहेक पालिकाले मात्र यो वर्ष विविध खर्च वापत रु.४३९५६१९।खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन अर्थात गोश्वरा भौचर साथ बिल मात्र राखि बिलकै आधारमा भुक्तानी भएको देखिन्छ । विविध खर्च बापतको यस्तो रकम खाजा, नास्तामा खर्च गरेको र के कस्तो काममा संलग्नलाइ के कति मापदण्डका आधारमा खाजा, नास्ता दिएको हो सो सम्बन्धी प्रयोजन, औचित्यतता र आधार समेत स्पष्ट गरेको देखिएन । आन्तरिक आय रु २१५९६५४७ लाखको तुलनामा यो खर्च २०.३५ प्रतिशत देखिएकोले यस्तो खर्चको उद्देश्य उपादेयता प्रमाणित नहुने गरी खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६० **विद्यालयको लेखापरीक्षण प्रतिवेदन** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालया सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु १५००० अनुदान दिने व्यवस्था छ पालिका अन्तर्गत सञ्चालित ४२ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम भुक्तानी दिए पनि कुनै पनि विद्यालयले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि आर्थिक लेखापरीक्षण गराएको पाइएन । विद्यालयहरुको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराएर नगरपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६१ **शिक्षकलाई नियुक्ती वेगर तलब भुक्तानी** - नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय तथा धार्मिक विद्यालयहरुमध्ये विगतमा सञ्चालनमा रहेको धार्मिक विद्यालय गायत्री गुरुकुल आश्रम (हाल सञ्चालनमा नरहेको) मा अदिती कुमारी यादवलाई पालिकाको निर्णय र नियुक्ती वेगर आश्रमद्वारा नै मिति २०७८।१०।२५ मा नियुक्त गरी तलब भता भुक्तानी दिदै आएको छ । यस सम्बन्धमा अदिती कुमारी यादवलाई उक्त मिति देखि कति तलब भता भुक्तानी दिदै आएको बुझन खोज्दा पालिकालाई नै सो जानकारी नभएको जवाफ आएको छ । हालमा उक्त आश्रम सञ्चालन नरहेकोले मिति २०७९।७।४ मा कार्यालयले निर्णय गरी नियुक्ती वेगर मिति २०७९।८।२६ देखि यादवलाई मदरसा आसिनिया दारुल उलुम, चनौरा रा.वि.-१ बाट तलब भता भुक्तानी दिदै आएकोमा श्रेस्ता परीक्षण गर्दा यादवलाई उक्त मदरसाबाट २०७९।८।२६ देखि २०८०।३।३१ सम्म रु.१११२२२ भुक्तानी दिएको पाइयो । पालिकाले यस सम्बन्धमा यथार्थ छानबिन गरी नियुक्ती वेगर भुक्तानी भएको तलब भता यकिन गरी अदिती कुमारी यादवबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,११,२२२ |
|---|---|

६२ **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ६ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ । पालिका अन्तर्गत

संचालित ४२ वटा विद्यालयलाई नगरपालिकाले भौ. नं. २०-०७९।८।१० बाट रु.३८१२४००, भौ. नं. ७७-०८०।१।१० बाट रु.५८३०६१० र भौ. नं. १६०-०८०।३।२० बाट रु. २२३०२०० गरी जम्मा रु ११८७३२५० निकासा दिएको छ । यस सन्दर्भमा निम्नलिखित व्यहोरा देखियोः

६२.१ दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापन सम्बन्धि कार्य कार्यान्वयन पुस्तिको अनुसूची ४, दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ र विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अनुसार प्रत्येक विद्यालयले दैनिक आवश्यकताको ३०% पोषण दिवा खाजाबाट प्राप्त हुने गरी विद्यालयले खाजा खुवाउनुपर्ने व्यवस्थाको पूर्ण परिपालान नभएकोले पालिकाद्धारा उक्त कार्यको अनुगमन गरी खाजाको गुण्स्तरीयता लगायतका मापदण्डको पूर्ण पालन गराउने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६२.२ आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालित ४२ वटा विद्यालययहरुमध्ये नमुना छनौटको आधारमा पालिकाले उपलब्ध गराएको खर्च विवरणको आधारमा देहायका विद्यालयको दिवा खाजा स्रेस्ता परीक्षण गर्दा खर्च भन्दा निकासा बढि भएकोले र कतिपय विद्यालयले दिवा खाजा नै नखुवाएको पाइयो ।यसरी बढि निकासा भएको तथा खाजा कार्यक्रम नै सञ्चालन नगरेको देहायका विद्यालयहरूबाट रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| **क.सं.** | **विद्यालयको नाम** | **निकासा रकम** | **खर्च रकम** | **बढि निकासा** |
|---|---|---|---|---|
| १. | आधारभुत विद्यालय फर्सेठ | ४४७७५० | ४०८६१५ | ३९१३५ |
| २. | नरेन्द्र मेरोरियल ज.मा.वि. | ११६१४५० | १०७८७५५ | ८२५९५ |
| ३. | जनक आधारभुत विद्यालय बिरौल | १८५८५० | १३५४५० | ५०४०० |
| ४. | मदरसा आशिनिया दारुल उलुम चनौरा | १३१९०५ | १२०५०५ | ११४०० |
| ५. | आधारभुत विद्यालय थानगाछी | ६८०८५० | ६२८४४० | ५२४१० |
| ६. | आधारभुत विद्यालय नवटोल देउरीभरुवा | ४४२३५० | १९०८१५ | २५१५३५ |
| ७. | महाविर मा.वि. बिसहरिया | २११५०० | २०६४६० | ५०४० |
| | **जम्मा रकम** | **३२६१६५५** | **२७६९०४०** | **४९२५१५** |

| असुल गर्नुपर्ने | ४,९२,५१५ |
|---|---|

६३ **छात्रवृती वित्तरण** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था छ ।पालिकाले भौ. नं. १५५-०८०।३।१९ बाट ४२ वटा विद्यालयको लागि रु.१७२०४०० छावृती निकासा दिएकोमा श्रेस्ता परीक्षण गर्दा कुनै पनि विद्यालयले छात्रृती वित्तरण गरेको पाइएन ।तसर्थ, छात्रवृती वित्तरण नगरी अनुदान रकम विद्यालय खातामा राखेको देहायका सबै विद्यालयहरूबाट उक्त रकम असुल गर्नुपर्ने रू. रु.

| **क्र.सं.** | **विद्यालयको नाम** | **छात्रवृती अनुदान रकम** |
|---|---|---|
| १. | रा०ठा०जो०भ०मा०वि०राजविराज १ | ८२४०० |
| २. | म०दे०आ०वि०चनौरा पडरिया रा०वि० १ | ३९२०० |
| ३. | रा०आ०वि०डुमरी शिवथान राजविराज १ | १८८०० |
| ४. | आ०वि०चनौरा राजविराज १ | १६४०० |
| ५. | मदरसाआसिनिया दारुल उलुम चनौरा राजविराज १ | ८८०० |
| ६. | रा०आ०वि०राजविराज २ | १३२०० |
| ७. | के०अ०मा०वि०राजविराज रा०वि० ३ | ९१६०० |
| ८. | आ०वि०केन्द्र नं० ६ राजविराज ४ | ४४००० |
| ९. | इस्लामियाआ०वि० राजविराज ४ | १८८०० |
| १0. | प०वि०मा०वि०राजविराज ५ | ९०४०० |
| ११. | आ०वि०थानगाछी राजविराज ६ | ८८८०० |
| १२. | बहिराबालकको स्कुल राजविराज ६ | ५२०० |

| | | |
|---|---|---|
| १३. | आ०वि०केन्द्र नं० २ राजविराज ७ | २६४०० |
| १४. | रमेश ना०दास आदर्श विद्या मंदिर रा०वि० ७ | १५६०० |
| १५. | आ०वि०खैरसाल राजविराज ७ | १२४०० |
| १६. | बालमंदिरप्रा०वि० राजविराज ७ | ९२०० |
| १७. | रा०आ०वि०हिमालय टोल, राजविराज ८ | १६८०० |
| १८. | आ०वि०गढिया मलेठ रा०वि० ९ | ५८८०० |
| १९. | जनता आ०वि०मलेठ गढिया रा०वि० ९ | ३०४०० |
| २०. | जनसेवाआ०वि० मलेठ राजविराज ९ | १५२०० |
| २१. | मदरसारहमानिया दारुल जगदरी मलेठ रा०वि० ९ | १२८०० |
| २२. | मदरसाइस्लामिया जोलहरी राजविराज ९ | ५६०० |
| २३. | रा०आ०वि०दिघवा विरौल राजविराज १० | ४१२०० |
| २४. | नेपालरेडक्रस आ०वि० दिघवा राजविराज १० | १५६०० |
| २५. | जनक आ०वि०विरौल राजविराज १० | १७२०० |
| २६. | रा०आ०वि०मटिगढी राजवविराज १० | १२८०० |
| २७. | गायत्रीवेली आ०वि० कदमाहा राजविराज १० | ३६०० |

| | | |
|---|---|---|
| २८. | आ०वि०फसैंठ राजविराज ११ | ४०८०० |
| २९. | जनता आ०वि०मोतिपुर राजविराज ११ | २४००० |
| ३0. | ज्ञानज्योति ल०दे०या०आ०वि० झल्ही रा०वि० ११ | २६८०० |
| ३१. | जनता आ.वि.सिंगियौन राजविराज १२ | १४८०० |
| ३२. | आ०वि०सिंगियौन नवटोल राजविराज १२ | २०८०० |
| ३३. | आ०वि०दमावति राजविराज १२ | १८४०० |
| ३४. | महाविरमा०वि० विषहरिया राजविराज १३ | ५०००० |
| ३५. | जनता आ०वि०पिपराही वंशीटोल राजविराज १३ | १७२०० |
| ३६. | रा०आ०वि०भेल्ही पिरराही राजविराज १३ | १८४०० |
| ३७. | आ०वि०भेल्ही पिपराही राजविराज १३ | २८४०० |
| ३८. | रा०आ०वि०परसाही राजविराज १४ | ३०४०० |
| ३९. | राधा देवीकैलु सिंह आ०वि० को०मधेपुरा रा०वि० १४ | २५६०० |
| ४0. | आ०वि० नवटोल देउरी भरुवाराजविराज १५ | ३६८०० |
| ४१. | आ०वि०मुसहरनिया रा०वि० १५ | ४३६०० |
| ४२. | न०मे०ज०मा०वि०बोरिया राजविराज १६ | १३७२०० |

| | |
|---|---|
| **जम्मा रकम** | १३४४४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,४४,४०० |

६४ **धार्मिक विद्यालय अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.४९ को बूँदा नं. ६.२ मा कक्षा १-५ सम्म सञ्चालित परम्परागत विद्यालयलाई एकमुष्ट २ लाख ४१ हजार अनुदान उपलब्ध गराउने व्यवस्था छ ।यस अन्तर्गत स्थानीय तहले सामुदायिक विद्यालयका रूपमा अनुमति लिई सञ्चालनमा रहेका परम्परागत शिक्षा दिने गुरूकुल/आश्रम,गुम्बा/बिहार, मदरसा जस्ता विद्यालय यकिन गर्ने । यस प्रकारका विद्यालयले राहत शिक्षक अनुदान /स्वीकृत दरबन्दी प्राप्त गरेको भए यस क्रियाकलापमा उल्लेखित अनुदान रकम उपलब्ध नगराउने। यदि यस प्रकृतिका विद्यालयले राहत शिक्षक अनुदान/स्वीकृत दरबन्दी प्राप्त गरेकोमा सो फिर्ता गरी अनुदान मात्र लिन चाहेमा एकमुष्ठ अनुदान अनुदान स्वरुप रु.२४१००० दिन सकिने व्यवस्था रहेकोमा नगरपालिकाले देहायको मदरसालाई दिएको बढी निकासा असुल गर्नुपर्ने रू.

| **क्र.सं.** | **धार्मिक विद्यालयको नाम** | **निकासा दिनुपर्ने** | **निकासा दिएको** | **बढी निकासा** |
|---|---|---|---|---|
| १ | मदरसा आशिनिया दारुल उलुम, चनौरा | २४१००० | ७०६२२२ | ४६५२२२ |
| २ | मदरसा रहमानिया दारुल कुरान, जगदरी | २४१००० | ३८०९९४ | १३९९९४ |
| ३ | मदरसा इस्लामिया जोलहरी | २४१००० | ४१५९१८ | १७४९१८ |
| **जम्मा रकम** | | **७२३०००** | **१५०३१३४** | **७८०१३४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८०,१३४ |

६५ **कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण अनुदानबाट प्रशिक्षण तथा सहभागी भता** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.४९ मा कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताको लागि कार्यक्रम अन्तर्गत विद्यार्थी सिकाइमा भएको क्षतिको पहिचान गर्न शिक्षकहरूलाई कार्यमूलक अनुसन्धान गर्न लगाई प्राप्तिका आधारमा सिकाईको प्रवन्ध गर्ने, गृह विद्यालय सञ्चालन तथा घरदैलो कार्यक्रम सञ्चालन गर्ने र स्वीकृत श्रव्यदृष्यपाठ प्रसारणका लागि स्थानीय टेलिभिजन च्यानल तथा एफ.एम. रेडियोमार्फत प्रसारण लगायतको व्यवस्था मिलाई शैक्षिक क्षतिको पूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । श्रेस्ता परीक्षणको क्रममा पालिकाले कार्यान्वयन पुस्तिकाको विपरित स्थानीय पाठ्यक्रम लेखन सम्बन्धी क्षमता विकास तालिमका लागि कर्मचारीहरूलाई प्रशिक्षण र सहभागी

भताको लागि भौ.नं. १७२-०८०।३।२१ बाट शिक्षा सहायक भगवती प्रसाद बि.के. लाई रु.३९७३८० भुक्तानी दिएको छ । तालिमका प्रशिक्षक तथ सहभागीलाई रु.९०००० भुक्तानी र अन्य शिर्षक जस्तै कार्यक्रम संचालन, खाजा, गोष्ठी, आन्तरिक ड्राफ्ट र प्रुफ रिडिङ्ग लगायत कामको लागि रु.३०७१०० गरी कुल रु.३९७३८० खर्च गरेको छ । उक्त कार्यक्रम कार्यान्वयन पुस्तिका विपरित भएकोले यो खर्च नियमसम्मत देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ३,९७,३८० |

६६ **कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन -** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को क्रियाकलाप नं. २.७.१३.५१ अन्तर्गत संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन एवं विद्यार्थी मूल्याङ्कनको बूँदा नं.१५.१ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण एवम् मूल्याङ्कनको लागि सामुदायिक विद्यालयका कक्षा ८ का विद्यार्थीलाई प्रति विद्यार्थी रु.२७५ का दरले परीक्षा सञ्चालनका लागि अनुदान दिने व्यवस्था छ । पालिकाको IEMIS परीक्षण गर्दा पालिकाभित्र सञ्चालित ४२ वटा सामुदायिक विद्यालयमा कक्षा ८ मा पढ्ने विद्यार्थी संख्या जम्मा ९९३ रहेको पाइयो । पालिकाले भौ.नं. ८७-०८०।१।२६ बाट परीक्षा सञ्चालन एवं विद्यार्थी मूल्याङ्कनको लागि १८०० विद्यार्थीलाई रु.२७५ का दरले रु.४९५००० भुक्तानी दिएको छ । श्रेस्ता परीक्षण गर्दा पालिकाले सामुदायिक विद्यालयका अतिरिक्त निजी विद्यालयका कक्षा ८ का ८०७ विद्यार्थीलाई रु.२७५ का दरले रु.२२१९२५ भुक्तानी दिएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२१,९२५ |

६७ **प्राविधिक धारका विद्यालयलाई अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान शिर्षकको बूँदा नं. २.६ मा प्राविधिक धार सञ्चालित कक्षा (९-१२) सम्म चलेका विद्यालयलाई शिक्षण सिकाइ सामग्री तथा Lab assistant, Equipment and Practical Materials व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत रू.१५००० लागत अनुदान दिने व्यवस्था छ ।यस सम्बन्धमा स्थानीय तहले अनुदान वित्तरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ११ मा उल्लेखित विद्यालयहरू तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने । यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू. १५,०००/- का दरले हुन आउने रकम एकमुष्ट रूपमा विद्यालयलाई अनुदान दिने व्यवस्था रहेकोमा नगरपालिकाले भौ.नं. ७७-०८०।१।१० बाट नरेन्द्र मेमोरियल जनता माध्यमिक विद्यालय,बोरियालाई ईलेक्ट्रीक ईन्जिनियरिङ्ग धारको कक्षा ९-१२ सम्मका ११४ जना विद्यार्थिको लागि रु.१७१०००० निकासा दिएको छ ।यस सम्बन्धमा देखिएको व्यहोरा देहायनुसार छन्-

- श्रेस्ता परीक्षण गर्दा नियमानुसार प्राविधिक धारको विद्यार्थीको लागि प्रा.वि. तृतीय तहको सेवा सुविधा दिने एक जना ल्याव असिस्टेन्ट नियुक्ती गर्नुपर्नेमा विद्यालयले सो नियुक्त नगरी दैनिक ज्यालादारीमा फरक फरक शिक्षक नियुक्त गरी भुक्तानी दिएको कार्यालयको भनाई छ । तर सो कामको लागि कति जना शिक्षकलाई कति भुक्तानी दिएको तथा निजको दैनिक कामको हाजिरी पनि पेश नभएकोले शिक्षक नियुक्ती सम्बन्धमा पालिकाले छानविन गरी यकिन गर्नुपर्दछ ।

- कार्यान्वयन पुस्तिका अनुसार OJT वापतको कक्षा ९-११ सम्म ३ महिना र १२ लाई ६ महिनाको लागि प्रति विद्यार्थी रु.१००० का दरले अभ्यासको लागि विद्यार्थीको बैङ्क खातामा रकम उपलब्ध गराउनुपर्नेमा विद्यालयले रु.३९६००० OJT वापत विद्यार्थीलाई भुक्तानी दिएको भरपाई पेश गरेकोले निर्देशनको पालना भएको छैन ।
- सम्बन्धित विद्यालयका प्रशिक्षकहरूबाट आन्तरिक अनुगमन सहजीकरणको लागि बढीमा ३ महिनाका लागि १ पटक, ६ महिनाका लागि ३ पटक गर्नुपर्नेमा सो नभएको । व्यावहारिक अभ्यासका लागि निर्धारित ढाँचा अनुसार वर्षमा एकपटक बाह्य अनुगमन मूल्याङ्कन गर्नुपर्नेमा सो पनि नभएको ।साथै बचत रकमबाट ल्यावमा प्रयोग हुने दैनिक सामग्रीका अतिरिक्त विद्यार्थीका लागि पाठ्यपुस्तक/ पाठ्यसामग्री लगायतका शिक्षण सिकाइ सामग्री व्यवस्थापनमा विद्यालयले खर्च गरेकोले कार्यान्वयन पुस्तिकाको निर्देशन अनुसार सम्बन्धित शिर्षकमा मात्र खर्च गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८ **शिक्षण सिकाईमा ICT अनुदान -** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ दफा ५ (क),(ख) र (ग) मा भएको व्यवस्था अनुसार स्थानीय तहले इन्टरनेट पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट प्रस्ताव माग गर्ने, विद्यालयले माध्यमिक तहमा गणित, अङ्ग्रेजी र विज्ञान विषय पढाइ रहेका कम्प्युटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्ने, प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालयहरुको छनोट गर्ने, छनोट भएका विद्यालयहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयका Kits र networking, internet आदि व्यवस्थापन गर्न लगाउदा आवश्यक फर्निचर, कम्प्युटर उपकरण सफ्टवेयर विद्युतीय अन्तरक्रियात्मक श्रव्य दृश्य सिकाई सामाग्री व्यवस्थापन गर्ने, सुनिश्चित कायम गर्ने गरी प्रति विद्यालय ६ लाख ५० हजार एकमुष्ट अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव माग र सो उपर मूल्याङ्कन नगरी महाविर मा.वि. बिसहरियालाई भौ.नं. ७१-०८०।३।१९ बाट ६ लाख ५० हजार निकासा दिएकोमा विद्यालयद्वारा उक्त कार्यक्रम नगरिएकोले महाविर मा.वि. बिसहरियासँग ICT अनुदानको रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५०,००० |

६९ **विद्यालय भौतिक पूर्वाधार निर्माण -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ६७ लाख ५० हजार निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौ.नं.।मिति | विद्यालयको नाम | प्रायोजन | रकम |
|---|---|---|---|
| ५०-०८०।२।३० | आधारभुत विद्यालय,नवटोल देउरीभरुवा | चारकोठे भवन | ४५००००० |
| | जनता आ.वि., मुसहरनिया | दुईकोठे भवन | २२५०००० |
| **जम्मा रकम** | | | **६७५००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,५०,००० |

७० **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली,२०५९ परिच्छेद १५, दफा ७७ (१) अनुसार तराईका जिल्लामा ५० विद्यार्थीमा १ शिक्षक हुने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार ३८ वटा सामुदायिक विद्यालयहरुमध्ये श्री आधारभुत विद्यालय डुमरी शिवथानमा सबैभन्दा कम प्रति शिक्षक विद्यार्थी संख्या ६ जना र श्री जनता आ.वि. पिपराही बन्सीटोलमा सबैभन्दा बढी प्रति शिक्षक विद्यार्थी संख्या १२० रहेको छ ।तर्सथ, पालिकाले यस्ता न्यून र अधिक फरक भएको विद्यार्थी अनुपात विद्यालयको पहिचान गरी यस्ता विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलान गर्नु पर्दछ।

| क्र०सं० | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्येकरार | विद्यार्थी संख्या | प्रति शिक्षक विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १. | रा०ठा०जो०भ०मा०वि०राजविराज | १९ | १७ | ३ | ७८७ | ४१ |
| २. | म०दे०आ०वि० चनौरापडरीया | ९ | ७ | १ | ३५७ | ४० |
| ३. | आधारभूतविद्यालय डुमरी शिवथान | ५ | ४ | ० | ३१ | ६ |
| ४. | आधारभूतवि०चनौरा पडरीया | ४ | ४ | १ | ७९ | २० |
| ५. | आधारभूत विद्यालयराजदेबीटोल | ६ | ४ | २ | ५२ | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | के०अ०मा०वि०राजविराज | २३ | २३ | १ | ८०४ | ३५ |
| ७. | आधारभूतवि० केन्द्र नं० ६ | १० | १० | १ | १८४ | १८ |
| ८. | इस्लामिया आ०वि० | ५ | ४ | ० | १३९ | २८ |
| ९. | प०वी०मा०वि०राजविराज | २४ | २३ | ४ | ११२१ | ४७ |
| १०. | आधारभूतविद्यालय थानगाछी | १० | ९ | १ | ३३० | ३३ |
| ११. | बहिरा बालक स्कुलराजविराज | ७ | ३ | २ | ४० | ६ |
| १२. | आधारभूतवि० केन्द्र नं० २ | ७ | ४ | ० | ९० | १३ |
| १३. | रमेश ना०आदर्श आ०वि०राजविराज | ५ | ५ | ० | ७९ | १६ |
| १४. | आधारभूतविद्यालय खैरसाल | ७ | ४ | १ | १०० | १४ |
| १५. | बालमन्दिर आ०वि०राजविराज | ५ | ३ | ० | ८३ | १७ |
| १६. | आधारभूत विद्यालयहिमालय टोल | ६ | ६ | १ | १०४ | १७ |
| १७. | आधारभूतविद्यालय गढीया मलेठ | ८ | ७ | ३ | ३६३ | ४५ |
| १८. | जनताआ०वि० मलेठ गढीया | २ | २ | १ | १२४ | ६२ |
| १९. | आधारभूतविद्यालय दिघवा बिरौल | ६ | ६ | ३ | १६९ | २८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २0. | रेडक्रस आ०वि०दिघवा | ३ | ३ | ० | ८५ | २८ |
| २१. | जनक आ०वि० बिरौल | ३ | २ | ० | १३५ | ४५ |
| २२. | आधारभूतवि०मटिगढी | ४ | ४ | २ | ६२ | १६ |
| २३. | गायत्रीबेलीआ०वि० कदमाहा | १ | १ | १ | १०३ | १0३ |
| २४. | आधारभूतविद्यालय फर्सैठ | ६ | ६ | २ | १७९ | ३0 |
| २५. | जनताआ०वि०फर्सैठ मोतिपुर | ३ | ३ | ३ | १०९ | ३६ |
| २६. | ज्ञानजयोतिलडुवती देवनारायण यादव आ०वि० झल्ही | ६ | ५ | १ | १२३ | २१ |
| २७. | महाविरमा०वि० बिषहरीया | १४ | १० | ४ | ६१७ | ४४ |
| २८. | आधारभूतविद्यालय दमावती | ४ | २ | ० | १३४ | ३४ |
| २९. | ज०आ०वि०सिंयौन | ४ | ४ | ४ | १०२ | २६ |
| ३0. | आ०वि०सिंयौननवटोल बिषहरीया | ४ | ४ | ३ | १२० | ३0 |
| ३१. | जनताआ०वि० पिपराही बंशीटोल | १ | १ | १ | १२० | १२0 |
| ३२. | रा०स०मु०आधारभूतवि० भेल्ही बिषहरीया | १ | १ | ० | ७८ | ७८ |
| ३३. | आधारभूतवि० पिपराही बिषहरीया | ५ | ४ | २ | २०० | ४0 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४. | आधारभूतवि०परसाही मधेपुरा | ५ | ४ | ० | १७४ | ३५ |
| ३५. | राधादेबी कैहु सिंह आ०वि० को०मधेपुरा | २ | २ | २ | १३८ | ६९ |
| ३६. | आधारभूतवि०नवटोल देउरीभरुवा | ७ | ७ | ३ | ३८५ | ५५ |
| ३७. | जनताआ०वि० मुसहर्निया भरुवा | ७ | ७ | ४ | ३२५ | ४६ |
| ३८. | नरेन्द्रमेमोरियल ज०मा०वि० बोरिया | २० | २० | ५ | १०४१ | ५२ |

सैद्धान्तिक बेरुजु

७१ **स्यानेटरी प्याड खरिद** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ । नगरपालिकाले यस वर्ष भौ.नं. १४८-२०८०/३/१८ बाट रु. ४१.८१ प्रति प्याकेट (मू.अ. कर समेत) का दरले ४५७३० प्याकेट स्यानेटरी प्याड रु.१९११९७१ मा नेपाल जेनरल अर्डर एण्ड सप्लायर्स, जनकपुर (१२५२८११७१) सँग खरिद गरेकमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्:

७१.१
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व नियम (११) मा उल्लेख भाए अनुसार गत वर्ष यस्तै सामान खरिद गरेको भए त्यसको वास्तविक लागत, स्थानिय बजार दर, अन्य बजारको दर, उद्योग वाणिज्य संघले जारी गरेको दरको आधारमा लागत अनुमान तयार गरी सिलवन्दी दरभाउपत्र वा वोलपत्र वाट सामान खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले बजेटालाई नै आधार मानी स्यानेटरी प्याड खरिद गरेको छ। नियमावलीको व्यवस्था अनुसार स्पेशिफिकेशन सहितको लागत अनुमान स्वीकृत गराएर मात्र दरभाउपत्र माग गर्नुपर्नेमा लागत अनुमान तथा स्पेशिफिकेशन तयार नगरी स्यानेटरी प्याड खरिद गर्नु नियमावलीको व्यवस्था बमोजिम नदेखिएकोले खरिद सम्बन्धी कानून पालन तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ ।
- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले नेपाल जेनरल अर्डर एण्ड सप्लायर्स, जनकपुरबाट ४५७३० थान स्यानिटरी प्याड रु.१९११९७१ ( मु.अ. कर समेत ) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि

मौज्दातमा राखेको देखिन्छ सथै खरिद गरेको प्याडको गुणस्तर परीक्षण नगरी भण्डारण राखेकोले प्याडको गुणस्तरप्रति नगरपालिकाले आश्वस्त गर्नुपर्दछ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरीय प्याड मात्र खरिद गर्नुपर्दछ ।

- नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको IEMIS मा प्रविष्ट तथ्याङ्क अनुसार कक्षा ६-१२ सम्म जम्मा छात्रा संख्या १८७५ रहेको छ । स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार विद्यालय लागेको दिनसम्म एक महिनावारी चक्रमा १६ वटा प्याड (२ प्याकेट) उपलब्ध गराउने व्यवस्था छ । उपरोक्त छात्रा संख्यालाई कार्यविधि अनुसार स्यानेटरी प्याड उपलब्ध गारउँदा जम्मा ३०००० प्याकेट स्यानेटरी प्याड खरिद गर्नुपर्नेमा पालिकाले ४५७३० प्याकेट खरिद गरेको छ । यसरी आवश्यकता र माग भन्दा १५७३० अधिक संख्यामा रु.६५७६७१ को स्यानेटरी प्याड खरिद गरी मौज्दात राखेको औचित्यहिन तथा प्रभावकारी नभएको देखिन्छ । पालिकाले सार्वजनिक खरिद गर्दा माग र आवश्यकतालाई प्राथमिकतामा राखेर खरिद कार्य गर्नुपदर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७१.२ खरिद भएको स्यानेटरी प्याड PAMS मा आम्दानी बाँधेर पुनः सबै शिक्षामा खर्च देखाउने गरेकोले खरिद र वित्तरण भएका सामानको आन्तरिक नियन्त्रण र निगरानीको अभावमा खर्च लेखेको अनुसार खरिद दाखिला भएकोमा शंका हुने देखिन्छ । आर्थिक वर्ष २०७९।८० मा समेत खरिद भएको ४५७३० प्याकेट स्यानेटरी प्याडको विद्यालयगत र विद्यार्थीगत वित्तरण भरपाई एकिन गरी यो आर्थिक वर्ष २०७९।८० को समेत दोहोरो नपर्नेगरी विस्तृत वित्तरण भरपाई र प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १९,११,९७१ |
|---|---|

७२ **स्थानिय भता** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.१.४ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.१.४ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । साथै प्रोत्साहन भताको लागि अतिरिक्त समय काम र सोबाट प्राप्त नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएको हुनुपर्ने तथा त्यसता कामको लागि विद्युतीय हाजिरी अनिवार्य रुपममा लागु हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उल्लेखित सूचकहरू नबनाएकोले कार्यालयमा कार्यरत कर्मचारीहरूलाई कानून नबनाई स्थानिय भता दिएको छ। कानून बनाएर मात्र यस्तो खर्च गर्नु पर्दछ ।नगरपालिकाले विगतको सभबाट भएको निर्णयको बुँदा नं. ८.२६ मा राजविराज नगर कार्यपालिका अन्तर्गतको कर्मचारीहरुले प्राप्त गर्दै आएका मासिक स्थानिय भता रु.३५०० मा रु.१००० थप गरी आ.व.२०७९।८० देखि प्रति कर्मचारी प्रति महिना रु.४५०० स्थानिय भता नगरपालिकाको स्रोतबाट उपलब्ध गराउने निर्णय गरेको छ ।नगरपालिकामा कार्यरत स्वास्थ्य विभाग वाहेक अन्य सबै कर्मचारीलाई सभाको निर्णय अनुसार मासिक रु.४५०० का दरले १२ महिनाको स्थानिय भताको लागि रु.४१७०८५० भुक्तानी दिएको छ । स्थानीय भता नियमानुसार तोकिएको जिल्लामा मात्र दिनुपर्ने व्यवस्था भएकोले उक्त खर्च नियम विपरित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४१,७०,८५० |

७३ **लघु उद्यम विकास कार्यक्रम (प्रविधि हस्तान्तरण) -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को प्रकरण नं. ४१ (२) मा प्रविधिको कुल लागतको कम्तिमा २०% रकम उद्यमी स्वयमले व्यहोर्नुपर्ने व्यवस्था छ। गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत एड्भान्स ब्यूटिसियन तालिम (१ महिना), एड्भान्स लाहा चुरा तालिम (१५ दिन) कार्यक्रम गरी नगरपालिकाले प्रविधि हस्तानन्तरणको लागि लागि कृषि तालिमाका लागि कृषि पम्प ५४ थान रु.४९०० का दरले, अगरवती तालिमका लागि सिलिङ्ग मेसिन २ थान रु.१६०० का दरले र साबुन बनाउने तालिमका लागि कढाई १४ थान रु.१७८६ का दरले गरी कुल रु.३०५६०० का प्रविधि खरिद गरी भौ.नं. १५०-२०८०।३।१९ बाट रु.३६८०० भुक्तानी दिएको छ ।उक्त प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत ८१ जनाका तालिम पश्चात सहभागी उद्यमीहरूलाई नियमानुसार २० प्रतिशत नलिई हस्तान्तरण गरेको पाइयो । कार्यक्रम संचालन निर्देशिकामा व्यवस्था भए बमोजिम सहभागी उद्यमीहरूबाट २०% का दरले हुन आउने रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,१२० |

७४ **विभिन्न कार्यक्रम वापत गैह्र सरकारी संस्थालाई नर्म्सभन्दा बढी भुक्तानी -** मधेश प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा जारी प्रदेश खर्च मापदण्ड निर्देशिका,२०७७ को नियम १५ सँग सम्बन्धित अनुसूची २ अनुसार देहायका गैरसरकारी संस्थाद्वरा गरिएको कार्यक्रममा यातायात, प्रशिक्षण, प्रतिवेदन तथा खाजा भता बढी भुक्तानी भएकोले नियमानुसार सम्बन्धित कार्यक्रमको स्रोत व्यक्ति/संस्थाबाट उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| **शिर्षक** | **भुक्तानी दिनुपर्ने** | **भुक्तानी दिएको** | **बढि भुक्तानी** | **कैफियत** |
|---|---|---|---|---|
| **भौ.न. ७५-०८०।१।८**<br>**कार्यक्रमः अपाङ्गता भएका व्यक्तिहरूको लागि लैङ्गिक समानता सम्बन्धी ३ दिने कार्यक्रम**<br>**संस्थाः समावेशी अपाङ्ग संघ,ससरी (६०४१८९१२३), मू.अ.करमा दर्ता नभएको ।**<br>**सहभागी संख्याः-४०**<br>**कार्यक्रममा भएको खर्च रु.२९९०००** | | | | |
| प्रशिक्षण भता | | | | |
| -जगदिश प्रसाद अर्याल | ३*८०० | ३*३००० | ६६०० | कार्यपत्र नदिएको, प्रशिक्षण मात्र |
| -नरेश कुमार चौधरी | ३*८०० | ३*३००० | ६६०० | कार्यपत्र नदिएको, प्रशिक्षण मात्र |
| प्रतिवेदन | | | | |
| - जगदिश प्रसाद अर्याल | १००० | १२००० | ११००० | |
| -श्रुती झा | १००० | २००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| -अशोक कुमार यादव<br>(पूर्व तयारी वापत) | ० | २९०० | २९०० | पूर्व तयारी सम्बन्धी भताको कानूनी व्यवस्था नभएको । |
| खाजा | ४०*३*२५० | १५६००० | १२६००० | |
| ब्याग वित्तरण | ० | ४०*१४०० | ५६००० | त्यस्तो कार्यक्रममा ब्याग वित्तरण गर्नुपर्ने कानूनी व्यवस्था नभएको । |
| **जम्मा बढी भुक्तानी** | | | **२१०१००** | |
| **भौ.नं.८१-०८०।१।१७**<br>**कार्यक्रमः विद्यालयमा महिनावारी स्वच्छन्द व्यवस्थापन कार्यक्रम**<br>**संस्थाः सुरक्षा नेपाल (६०८३०६९१९)**<br>**कार्यक्रममा भएको खर्च रु १००००००** | | | | |
| -सुरक्षा नेपालले पेश गरेको प्रतिवेदन अनुसार २ वटा सामुदायिक विद्यालय र ८ वटा निजी विद्यालय गरी १० वटा विद्यालयहरुमा ०७९।१०।९-११।१८ सम्म सम्पन्न कार्यक्रममा छात्र छात्रा समेत १००० विद्यार्थीको सहभागिता रहेको छ । | | | | |
| -महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत मिहला सशक्तिकरण महाशाखाको मिति २०७९।४।१६ को मन्त्रालयको निर्णय अनुसार सुरक्षा नेपाललाई यो कार्यक्रमको लागि बजेट विनियोजन भएको छ ।मन्त्रालयको निर्णयअनुसार कार्यप्रगतीको सम्बन्धमा नियमित अनुगमन गर्नुका साथै सम्झौतानुसार कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेमा सो नगरेको । | | | | |
| -आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र प्रगती प्रतिवेदन अनिवार्य रुपमा यस मन्त्रालयमा पठाउनुपर्नेमा सुरक्षा नेपालले कार्य प्रगती सम्बन्धी कुनै प्रितवेद पेश गरेको छैन । | | | | |
| -श्रेस्ता परीक्षण गर्दा सुरक्षा नेपालले एउटा ब्यानर छपाएको र त्यसमा टिपेक्स लगाई कार्यक्रम अनुसार नयाँ मिति राखी प्रस्तुत गरेको छ तर १० वटा ब्यानगरको खर्च देखाएको छ ।साथै १० विद्यालयमा १००० विद्यार्थीलाई २०० का दरले यातायात वापत रु.२०००० भुक्तानी दिएको भरपाई पेश गरेकोमा भरपाईमा प्राय एउटे खालको हस्ताक्षर भएको पाइयो । अतः नगरपालिकाले यस कार्यक्रमको वास्तविक्ताको छानविन गरी यथार्थताको जाँच गरि प्रतिवेदन पेश गर्नुपर्दछ । | | | | |
| प्रशिक्षण भता | - | २८००० | २८००० | कति जनाले प्रशिक्षण गरेको केहि नखुले सोझै भुक्तानी । |
| यातायात भता | - | २००००० | - | |
| खाजा खर्च | ६*६०*२५० | २२८१५० | १३८१५० | |
| प्रतिवेदन भता | १००० | ६००० | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| सहयोगी भता | १०*२५० | ११००० | ८५०० | |
| **जम्मा बढी भुक्तानी** | | | **१७९६५०** | |
| **भौ.नं.१०७-०८०।३।१**<br>**कार्यक्रमः महिला सशक्तिकरण सम्बन्धी ३ दिने तालिम कार्यक्रम** (माइन्युटको आधारमा सहभागी ३७ जना)<br>**संस्थाः भगवती बहुउद्देशीय सेवा केन्द्र (३०२१८२८८६)**<br>**कार्यक्रममा भएको खर्च रु ४९९६८६** | | | | |
| खाना खर्च | ३*३७*२५० | १९३५०० | १६५७५० | |
| यातायात भता | ३*३७*४०० | १८०००० | १३५६०० | आतेजाते ४०० मात्र |
| **जम्मा बढी भुक्तानी** | | | **३०१३५०** | |
| **भौ.नं.२२४-०८०।३।२२**<br>**कार्यक्रमः च्याउ उत्पादन सम्बन्धी ५ दिने कार्यक्रम**<br>**संस्थाः उज्वल समाज नेपाल (६१७१०८८०३)**<br>**सहभागी संख्याः ५० जना**<br>**कार्यक्रममा भएको खर्च रु.३९९५००** | | | | |
| प्रतिवेदन भता | १००० | २००० | १००० | |
| खाजा वापत | ५*५०*२५० | ९०००० | २७५०० | |
| **जम्मा बढी भुक्तानी** | | | **२८५००** | |
| **भौ.नं. १५७-०८०।२।२९ (गत वर्षको योजना भुक्तानी)**<br>**कार्यक्रमः करेसावरी सम्बन्धी ५ दिने कार्यक्रम**<br>**संस्थाः मित्र नेपाल (६१५१६४२०५)**<br>**सहभागी संख्याः ३५ जना**<br>**कार्यक्रममा भएको खर्च रु ४०००००** | | | | |
| खाजा वापत | ५*३५*२५० | १५९५०० | ११५७५० | |
| प्रतिवेदन लेखन | १००० | २०००० | १९००० | |
| सञ्चार भता | – | १५९१० | १५९१० | यसको कानूनी व्यवस्था नभएको। |
| इन्धन वापत | – | ६६१५ | ६६१५ | यसको कानूनी व्यवस्था नभएको। |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा बढी भुक्तानी** | | | **१५७२७५** | |
| **भौ.नं. १८९-०८०।३।१८ (गत वर्षको योजना भुक्तानी)**<br>**कार्यक्रमः बालविवाह सम्बन्धी जनचेतना ७ दिने कार्यक्रम**<br>**संस्थाः छिन्नमस्ता विकास केन्द्र (६१८२७१४७८)**<br>**सहभागी संख्याः ४० जना**<br>**कार्यक्रममा भएको खर्च रु ४९९४२०** | | | | |
| -२०८०।३।५ देखि ३।११ सम्म सञ्चालित बालविवाह सम्बन्धी ७ दिने जनचेतना कार्यक्रम भएको कुनै प्रमाण पेश नभएको साथै अनुगमन प्रतिवेदन लगायतका बिल भरपाई केहि पेश नभएकोले उक्त कार्यक्रम भएकोमा यकिन हुन सकेन ।पालिकाले पेश गरेको खर्चको तेरिजको अधारमा बेरुजु औंल्याइएको छ ।पालिकाले उक्त कार्यक्रम भए नभएको छानविन गरी प्रशासनमा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने। कार्यक्रम नै नभएको पाइएमा छिन्नमस्ता विकास केन्द्र (६१८२७१४७८) लाई कानूनको दायरामा ल्याई भुक्तानी रकम असुल गर्नुपर्दछ । | | | | |
| खाजा वापत | ७*४०*२५० | २१३८५० | १४३८५० | |
| प्रशिक्षण वापत २ जना | २*२*७*८०० | ४२००० | १९६०० | कार्यपत्र नभएको, प्रशिक्षण मात्र |
| सहयोगी भता | ७*२५० | ७००० | ५२५० | |
| संयोजक भता | – | ७००० | ७००० | छुटै कानूनी व्यवस्था नभएको |
| **जम्मा बढी भुक्तानी** | | | **१७५७००** | |
| **कुल बढी भुक्तानी** | | | **१०५२५७५** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,५२,५७५ |

७५ **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू.२७७४४८ समेत रू.२६९७१०५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.

| **भौ.नं.।मिति** | **भुक्तानी पाउनेको नाम** | **पान नम्बर** | **नन्फनइलर रहेको मिति** | **भुक्तनी रकम** | **मू.अ. कर रकम** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १४८-०८०।३।१८ | नेपाल जेनरल अर्डर एण्ड सप्लायर्स | १२५२८११७ १ | ०७९।M।९ | १९१९९७१ | २१९९६२ |
| १०७-०८०।३।१ | भवगती बशुउद्देशीय सेवा केन्द्र | ३०२१८२८८ ६ | ०७९।T।२ | ४९९६८६ | ५७४८६ |
| **जम्मा रकम** | | | | **२६९७१०५** | **२७७४४८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७७,४४८ |

७६ **दोहोरो तलब भुक्तानी** - नगरपालिकाको स्वस्थ्य शाखा अन्तर्गत कार्यरत सि.अ.न.मि.(पाँचौ) सँगिता कुमारी मण्डल स्वास्थ्य तथ जनसंख्या मन्त्रालयको च.नं.१९२९ मिति २०७८।१०।२५ को पत्राचार अनुसार निजलाई काठमान्डौं काजमा खटेको र काज खटेकै कार्यालय/निकायबाट तलब भता बुझ्ने पत्राचार भएकोमा निज सँगिता कुमारी मण्डललाई नगरपालिकाबाट पनि २०७९ मंसिर मसान्तसम्म रू.२८४९०० तलब भता (चाँडपर्व खर्च समेत) भुक्तानी दिएको पाइयो ।जसमध्ये मिति २०७९।३।२३ गते राजबिराज नगरपालिकाको वाणिजय बैङ्कको खाता नं २१८०१००३०२०१०००६ मा रु.९५००० हजार फिर्ता गरेको भौचर पेश भएको छ । तसर्थ, बाँकी बढी भुक्तानी रकम सि.अ.न.मि.(पाँचौ) सँगिता कुमारी मण्डललाई काज खटेको कार्यालय र नगरपालिका दुबै कार्यालयबाट तलब भुक्तानी भएकोले निजबाट दोहोरो भुक्तानी तलब असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८९,९०० |

७७ **औषधि खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। नगरपालिकाले ३८ प्रकारको औषधिद खरिको लागि मिति २०८०।१।३० मा मध्यान्ह राष्ट्रिय दैनिकमा औषधि तथा सर्जिकल सामानहरुको लागि मू.अ. कर समेत रु.४९९९९९८ को सूचना आह्वान गरेकोमा ६ वटा औषधि सप्लायर्स फर्म्सले ठेक्का हालेको पाइयो । जसमा डालिमा मेडिसेल्स (६०४९३३५१३) बबरमहल काठमान्डौले न्यूनतम अङ्क रु.२४४७३१३ (मू.अ. कर समेत) मा कबोल स्वीकारेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

- औषधी खरिद गर्दा आवश्यकता विश्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण एकिन नगरी खरिद गर्दा अनावश्यक रुपमा खरिद भई मौज्दात रहने तथा सही समयमा उपयोग नहुने स्थिति तर्फ पालिकाको ध्यान जानु पर्दछ ।
- औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने रन्युनतम १८ महिना म्याद अवधि बाँकी रहनुपर्ने व्यवस्था रहेकामा सो विषय सम्झौतामा उल्लेख नगरेको, औषधीको आपूर्ति गरी भुक्तानी अघि गुणस्तर र स्पेशिफिकेसन अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद

सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन । मानवजन्य स्वावस्थयसँग गम्भीर सरोकार राख्ने औषधी खरिद आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन ।नमुना छनौटको आधारमा खरिद गरिएका केहि औषधिको म्याद जाँच गर्दा खरिद मितिभन्दा तोकिएको मापदण्ड भन्दा कम म्याद रहेको पाइयो । जाँच गरिएका त्यस्ता औषधिहरुमा सालिवेन १२ महिनाम म्याद, Zinc Tablet १८ महिना भन्दा कम म्याद, Ciproflexian १० महिना म्याद बाँकी, Aseptin १४ महिना म्याद बाँकी अतः ती औषधिहरु खरिद गरेको मितिभन्दा न्यूनतम १८ महिनाभन्दा पनि कम म्याद भएकोले यस्तो खरिद कार्यमा औषधिको न्यूनतम म्याद बाँकी रहेको यकिन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- औषधि निःशुल्क वितरणको लागि भनी उल्लेख गर्नुपर्नेमा सो उल्लेख नभएको समेत पाइयो ।
- आपूर्ति भएका औषधी एवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण भएको फारम समेत नभएको पाइयो ।

| सैद्धान्तिक बेरुजु |
|---|

७८ **सुत्केरी गराए वापत निजी अस्पताललाई भुक्तानी -** मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसञ्चार, उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमको लागि सुत्केरी गराए वापत नगरपालिकाले निजी अस्पतालहरू छिन्नमस्ता एजुकेशनल एकेडेमी एण्ड मेडिकल कलेज प्रा.लि.(३०३७९२७३२) र अनार भुपेन्द्रनाथ हस्पीटल प्रा.लि.(६००६८५०५०) सँग सम्झौता गरी सुत्केरी गराए वापत छिन्नमस्ता एजुकेशनल एकेडेमी एण्ड मेडिकल कलेज प्रा.लि. लाई रु.९५५५०० र अनार भुपेन्द्रनाथ हस्पीटल प्रा.लि.लाई रु.१८७३००० भुक्तानी दिएकोमा ती अस्पताहरूले दिएको सेवा निम्नानुसार रहेको छः-

- **अनार भुपेन्द्रनाथ हस्पीटल प्रा.लि.-** यस अस्पतालले वर्षभरीमा नर्मल डेलिभरी १०२, जटिलतायुक्त ५५ र शल्यक्रियाबाट १६३ गरी कुल ३२० सुत्केरी गराएको विवरण अस्पतालले उपलब्ध गराएको छ ।यस सेवा वापत अस्पताललाईमात्र सरकारी शुल्क बमोजिम नर्मल डेलिभरी १०२ को लागि रु.२५०० का दरले रु.२५५०००, जटिलतायुक्त ५५ को लागि रु.४००० का दरले रु.२२०००० र शल्यक्रियाबाट १६३ को लागि रु.१०००० का दरले रु.१६३०००० गरी कुल रु.२१०५००० भुक्तानी दिनुपर्नेमा पालिकाद्वारा रु.१८७३०० मात्र भुक्तानी भएको देखिन्छ ।
- **छिन्नमस्ता एजुकेशनल एकेडेमी एण्ड मेडिकल कलेज प्रा.लि.-** यस अस्पतालले वर्षभरीमा नर्मल डेलिभरी ११०, जटिलतायुक्त २६ र शल्यक्रियाबाट १०६ गरी कुल २४२ जनाको सुत्केरी गराएको विवरण अस्पतालले उपलब्ध गराएको छ ।यस सेवा वापत अस्पताललाईमात्र सरकारी शुल्क बमोजिम नर्मल डेलिभरी ११० को लागि रु.२५०० का दरले रु.२७५०००, जटिलतायुक्त २६ को लागि रु.४००० का दरले रु.१०४००० र शल्यक्रियाबाट १०६

को लागि रु.१०००० का दरले रु.१०६०००० गरी कुल रु.१४३९००० भुक्तानी दिनुपर्नेमा पालिकाद्वारा रु.९५५५०० मात्र भुक्तानी दिएको छ ।

- नगरपालिकाले उल्लेखित दुई अस्पतालहरूसँग सम्झौता गर्दा राजविराज नगरपालिकावासीको लागि मात्र यो सुविधा हुने कि सबै जिल्लावासीको लागि सो कुरा स्पष्ट भएको छैन ।श्रेस्ता परीक्षण गर्दा ती अस्पतालहरुले राजविराज नगरपालिका लगायत सप्तरी जिल्लाका सम्पूर्ण पालिका तथा अन्य छिमेकी जिल्लाबाट सुत्केरीका लागि आएका सबैको भुक्तानी पालिकाद्वारा नै हुने भएको तथा अस्पतालद्वारा पनि सबैको सेवाशुल्क रा.वि.न.पा. नै व्यहोर्नुपर्ने दावि गरेको छ । यस सम्बन्धमा पालिकाले अस्पतालहरूले राजविराज नगरपालिका भन्दा बाहिरका सेवाग्राहीबाट सेवाशुल्क लिए नलिएको यकिन गरी सम्झौता अनुसारको अस्पताललाई बाँकी भुक्तानी दिनुपर्ने र आगामी दिनमा पनि यस्तो सेवालाई निरन्तरता दिन आवश्यक संशोधन गरी नगरवासीलाई यस्तो उपलब्ध गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७९ **विद्यालय नर्सको नियुक्ती -** विद्यालय नर्सको छनौट, नियुक्ती र पारिश्रमिक सम्बन्धी व्यवस्था "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा निर्देशिका,२०६६" मा व्यवस्था छ । नगरपालिकाले दशावटा विद्यालयमा विद्यालय स्वास्थ्य सेवा तथा नर्सिङ्ग सेवाको लागि कार्यापालिकाको मिति २०८०।१।२० को निर्णयअनुसार २०७९।४।१ देखि २०८० असार मसान्तसम्मको लागि १० जना विद्यालय नर्स नियुक्त गरी मासिक नेपाल सरकारको स्वास्थ्य सेवाको पाँचौ तहको सुरुको तलब स्केल रु.३४७३० का दरले तलब भुक्तानी गरेकोमा निम्नानुसारको व्यहोरा देखियोः-

- दफा ६(क) अनुसार स्थायी दरबन्दी सृजना नभएसम्म स्थानीय तहले करार सेवामा विद्यालय नर्स नियुक्ती गर्न अनुसूची ४ बमोजिमको ढाँचामा कम्तिमा पन्ध्र दिनको म्याद राखी विज्ञापन प्रकाशन गर्नुपर्नेमा पालिकाद्वारा सो नगरि सोझै नियुक्ती दिएको ।
- अनुसूची ४ बमोजिम उम्मेदवारको न्यूनतम शैक्षिक योग्यता नेपाल सरकाबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रविणता प्रमाण-पत्र उतिर्ण गरेको हुनुपर्ने र नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्नेमा लेखापरीक्षणमा दर्ताको प्रमाणपत्र पेश नभएको ।
- विद्यालय नर्सले महिनाभरि गरेका कामको प्रतिवेदन र रुजु हाजिर प्रमाणित गरी विद्यालयले सम्बन्धित स्थानीय तहलाई पठाएपछि स्थानीय तहले तलव भत्ता बराबरको रकम विद्यालय नर्सको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा विद्यालयहरुबाट विद्यालय नर्सको कामको प्रतिवेदन वेगर तलब भता भुक्तानी दिएको छ। साथै निर्देशिकामा आधारभुत तलबमात्र दिने व्यवस्था भएकोमा पालिकाले चाँडपर्व खर्च वापत १० जना विद्यालय नर्सलाई रु.३४७३०० भुक्तानी दिएको छ।
- विद्यालयमा लामो बिदा (हिउँदे/वर्षे/जाडो गर्मी) भएको समयमा सम्बन्धित स्थानीय तहले विद्यालय नर्सलाई आवश्यकता अनुसार आफू मातहतको स्वास्थ्य संस्थामा खटाउन परिचालन गर्न सकेछ ।तर १०वटै विद्यालय नर्सलाई श्रावणको एक महिने वर्षे विदामा पनि पालिकाले काम नलगाई तलब भता भुक्तानी दिएको देखिन्छ ।
- विद्यालय नर्सले प्रचलित कानून बमोजिमको प्रसुती विदा, आ-आफ्नो धर्म संस्कार अनुसार किरिया विदा साथै एक वर्षमा भैपरी र पर्व विदा गरी जम्मा बाह्र दिनको पाउने व्यवस्था छ ।भैपरी र पर्व विदा सम्बन्धित विद्यालयको प्र.अ. ले स्विकृत गर्ने र अन्य बिदाको हकमा सम्बन्धित सथानीय तहले स्वीकृत गर्नुपर्नेमा प.वि.मा.वि. मा कार्यरत

विद्यालय नर्स प्रियंका दास भदौ १५ गते देखि पुस २३ सम्म सुत्केरी विदामा बसेर तलब भता बुझेकोमा निजको विदा स्वीकृति विद्यालयबाट मात्र पत्र आएको तर नगरापलिकाबाट उक्त विदा स्वीकृती नभएको पाइयो ।

सैद्धान्तिक बेरुजु

८० **पेश्की फस्यौंट(आ.व. २०७७।७८) -** नगरपालिकाले आ.व.२०७७।७८ मा स्वास्थ्य शाखा प्रमुख निरन्जन यादवलाई स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम गर्न रु.१२६५००० पेश्की दिएको थियो । उक्त कार्यक्रमहरु सम्बन्धित आर्थिक वर्षमा नै सम्पन्न भए पनि पेश्की फस्यौंटको लागि पालिकाले यो वर्षमा भौ.नं.४४-०७९।९।१८ मा पेश्की फस्यौंटको भौचर उठाई अन्तिम लेखापरीक्षणमा पेश गरेकोमा श्रेस्ता परीक्षण गर्दा कार्यालयले स्वास्थ्य सम्न्धी देहायअनुसारको कार्यक्रम गरेकोंमा मधेश प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा जारी प्रदेश खर्च मापदण्ड निर्देशिका,२०७७ को नियम १५ सँग सम्बन्धित अनुसूची २ मा तोके अनुसार कार्यक्रम गर्दा भुक्तानी दिनुपर्नेमा खाजा, यातायात तथा अन्य शिर्षकमा उल्लेखित निर्देशिका भन्दा बढी खर्च देखियो । यसको सम्बन्धमा पालकाले स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्दा सहभागीहरुको साथै अतिथिको रुपमा आमन्त्रण गरिएका जनप्रतिनिधि लगायतका सामाजिक अभियन्ताहरु पनि उपस्थित रहेकोले खाजा, चियापानी जस्ता खर्चहरु बढेको कार्यालयको भनाई रहेको छ । उक्त पेश्की रकमबाट पालिकाले गरेका कार्यक्रमहरु देहायअनुसार छन् ।

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **खर्च रकम** |
|---|---|---|
| १ | बृहत पोषण प्याकेजमा क्षमता अभिवृद्धि सम्बन्धी ७ कार्यक्रम | १३७००० |
| २ | बृहत पोषण सम्बन्धी ७ दिने कार्यक्रम | २८२२०० |
| ३ | वृहत पोषण प्याकेज क्षमता अभिवृद्धि ७ दिने कार्यक्रम | २८०८०० |
| ४ | पालिका स्तरीय पोषण कार्यक्रम प्रथम तथा दोश्रो चौमासिक समिक्षा गोष्ठी १ दिने कार्यक्रम | ९०००० |
| ५ | कार्यक्रमः स्वास्थ्य स्यवम सेवक अर्ध वार्षिक समिक्षा गोष्ठी १ दिने कार्यक्रम | १५९००० |
| ६ | स्वास्थ्य स्वयम सेविका वार्षिक समिक्षा गोष्ठी २ दिने कार्यक्रम | ३०६००० |
| ७ | स्तनपान दिवन मनाउन भएको जम्मा खर्च | १०००० |
| जम्मा खर्च | | १२६५००० |

सैद्धान्तिक बेरुजु

८१ **उन्नत बीउमा कृषकहरूलाई अनुदान कार्यक्रम -** उन्नत बीउमा कृषकहरूलाई अनुदान कार्यक्रमको सञ्चालन प्रक्रिया,२०७७ को बूँदा नं. २.२ मा यस कार्यक्रम अन्तर्गत कृषकहरूलाई उपलब्ध गराउने उन्नत बीउको प्रतिस्पर्धात्मक बिक्री मूल्यको

बढीमा ५०% अनुदान उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले उन्नत बीउमा कृषकहरूलाई अनुदान कार्यक्रमको सञ्चालन अन्तर्गत ५० प्रतिशत अनुदानमा सोनाई बीज भण्डार एण्ड सप्लायर्स (३०१३६५६७३) बाट मिति २०८०।३।२२ मा भौ.नं.५७०-०८०।३।२४ बाट रु.१० लाख २५ हजार ७२० को धान बीउ खरिद गरि रु.५१२८६० भुक्तानी दिएको छ । यसको श्रेस्ता परीक्षण गर्दा सोनाई बीज भण्डार एण्ड सप्लायर्सले सोना मन्सुली प्रति के.जी. रु.१०० का दरले ४६९८ किलोग्राम, रंजित धानको बीउ प्रति के.जी. रु.१०० का दरले ३९४ किलोग्रम, बासमती प्रति के.जी. रु.१४० का दरले १७७ किलोग्राम, कतर्नी प्रति के.जी. रु.१४० का दरले १०३६ किलोग्राम र भुट्टि कान्छि (BB११) प्रति के.जी. रु.१०० का दरले ३४६७ किलोग्राम गरी कुल रु.१०२५७२० को धान बीउ खरिद गरी वित्तरण गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू देहायअनुसार छः-

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसमानको स्पेशिफिकेशनको अधीनमा रही तयार गर्नु पर्नेमा पालिकाले धानको बीउको खरिदको लागि लागत अनुमान तयार गरेको छैन । सोही नियमावलीको नियम ८५ (१ ख) मा सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकै पटक वा पटक- पटक गरी दश लाख रुपैयाँ भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले उपरोक्त नियमको विपरित सोनाई बीज भण्डार एण्ड सप्लायर्स (३०१३६५६७३) बाट रु.१०२५७२० को धानको बीउ खरिद गरि वित्तरण गरेको छ ।
- पालिकाले सोना मनसुली धानको बीउ रु.१०० प्रति किलो र भुट्टि कान्छि (BB११) प्रति के.जी. रु.९० मा खरिद गरेको छ जबकी छिन्नमस्ता गाउँपालिकामा सोहि कार्यक्रमका लागि सोना मनसुली रु.९० र भुट्टि कान्छि (BB११) प्रति के.जी. रु.९० मा खरिद गरी वित्तरण गरेको छ । पालिकाले एउटै प्रकृतिको धान बीउ एउटै प्रायोजनको लागि बढी मूल्यमा खरिद गरी रु.८१६५० बढी भुक्तानी गरेको छ । अतः नगरपालिकाले सावर्जनिक खरिद गर्दा प्रतिस्पर्धालाई आधार बनाई मितव्ययीतालाई बढी भन्दा बढी ध्यान दिनुपर्दछ ।
- नगरपालिका वडा नं २ का किसाना ममता देवी यादवलाई ४०० किलोग्राम प्रति किलोग्रा रु.१४० जाने कतर्नी धानको बीउ अनुदान उपलब्ध गराएको छ । तराईमा प्रति कट्टा २.५ किलोग्राम धान बीउ चाहिन्छ यो हिसाबले हेर्दा निजसँग ८ बिघा जमिन(खेतियोग्य) हुनुपर्नेमा श्रेस्ता परीक्षण गर्दा निज ममता देवीको जमिनको लालपुर्जा पेश नभएको तथा यती धेरै धान बीउ एक जानालाई नै उपलब्ध गराउँदा अन्य आवश्यकता भएको गरिब किसानले अनुदान नपाउने सम्भावना रहेकोले पालिकाले बीउ वित्तरणमा निम्न वर्गिय किसानलाई ध्यानमा राखेर अनुदान वित्तरण गर्नुपर्दछ ।
- कार्यसम्पन्न पश्चात पालिकाद्धारा अनुगमन गरी कार्यप्रगती सम्बन्धी प्रतिवेदन जारी गर्नुपर्नेमा सो नगरेकोले कार्यको प्रभावकारीताबारे यकिन हुन सकेन। तसर्थ, नगरापालिकाले यस कार्यक्रमको अनुगमन गरी कार्य प्रगतीको प्रतिवेदन पेश गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८२ **फरक दररेट** - कार्यालयले निर्धारित नम्श प्रक्रिया र दररेटको स्वीकृत पद्धतिको आधारमा मात्रै खर्च लेख्नुपर्नेमा व्यवस्था छ ।यस कार्यालयले तयार गरेको सडकको निर्धारित दररेट भन्दा फरक पारी ग्रावेल र सडक ढलानमा गरेको निम्नानुसारको खर्च नियमसम्मत नभएको रु.

| गो.भौ.नं र मिति | योजनाको नाम | परिमाण | भुक्तानी दर | भुक्तानी गर्नुपर्ने दर | बढि रकम |
|---|---|---|---|---|---|
| ४४-२०७९।०६।१३ | डिहिवार बाबा सडक निर्माण उ.स ग्रावेल कार्य | ९५.७ घ.मी | ३३९४ | २८९१ | ४८१३७ |
| १२९-२०८०।०२।०५ | माँ भगवती उपभोक्ता समिती रा.वि १३ ग्रावेल कार्य | ३५.७० घ.मी | ३३९४ | २८९१ | १७९५७ |
| १४४-२०८०।०२।२३ | तुलसी यादवको घरदेखि सुनिल यादवको घर सम्म ढलान कार्य ढलान (M१५) | १७.७२ घ.मी | १५००० | १२५३२ | ४३७३२ |
| १७६-२०८०।०३।१२ | रा.वि१३ सत्य नारायण यादव घरदेखि वडा कार्यालय सम्म घर निर्माण M१५ | ३९.०६ | १३८६८ | १२४३९ | ५५८१६ |
| १८१-२०८०।०३।०३ | रा.वि ९ चाँद जगदरी वस्तीमा मूल सडक देखि मस्जिदको मुल गेट पूर्व वरसात घरसम्म बाटो ढलान M१५ | २०.६३ | १३३९९ | १२४४४ | १९७०१ |
| १९४-२०८०।०३।२० | तुलसी साहको घरदेखि पूर्व बाटोसम्म नाला निर्माण तथा ग्रावेल | ५९ | १४७१० | १३३९९ | ७७३४९ |
| २३२-२०८०।०३।२३ | रा.वि ६ खरसाल टोल देखि सूर्यनारायण यादवको घर देखि पश्चिम लक्ष्मी नारायण मन्दिर सम्म सडक ढलान | २०.८३ | १५००० | १३५३२ | ३०५७८ |
| २४४-२०८०।०३।२४ | साबिक विषयहरिया हाल लबका टोल सिगयोनी उपेन्द्र यादवको घरदेखि चैत्री मन्दिर सम्म RCC सडक र ग्रावेल | १८.३८ | ३००३ | २८९१ | २०५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५०-२०८०।०३।२४ | पिसीसी ढलान उ.स शिवनारायणको घरदेखि बिनायकको घरसम्म ग्रावेल | २३.८६ | ३०३४ | २८९१ | ३४११ |
| खाडो नदी पुलदेखि मुसर्निहा यादवको घरसम्म सडक ग्रावेल | | ७५९ | ३४८९.७४ | २८९१ | ४५४४४३ |
| चैत्री भगवती उ.स रा.वि १२ (सडक बोर्ड) ग्रावेल | | ५४ | ३४८७ | २८९१ | ३२१८४ |
| धोवी घाट्टा सडक मर्मत उ.स (सडक बोर्ड) ग्रावेल | | १६९.५० | ३४८९ | २८९१ | १०१३६१ |
| जम्मा | | | | | ८८६७२८ |

| | |
|---|---|
| अनियमित भएको | ८,८६,७२८ |

८३ **सडक बोर्डः** आर्थिक वर्ष २०७८।०७९ को योजना र कार्यक्रम अनुसार २०७९।०३।२० मा सम्पन्न गर्नुपर्ने निम्नानुसारका योजना २०७९।८० मा पनि सम्पन्न हुन नसकी लेखापरीक्षणको अवधि सम्म पनि कार्य सम्पन्न नभएकोले उक्त उपभोक्ता समितीले निर्धारित समयमा कार्य सम्पन्न नगरेकोले श्रोातको सुनिश्चिता गरी यथाशिघ्र समयै कार्य सम्पन्न गरी नियमित गर्नुपर्ने रु

| योजनाको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|
| बजरंगवली सडक निर्माण कार्य उ.स | ३१८३३७७। | १२७६२१२ |
| खाडो नदीको पुलदेखि मुसर्निया यादवको घर सम्मको रोड उ.स | ४६०३७१८ | २७६२८९४ |
| माँ भगवती उ.स | ४८८३०२३ | २०२५४७१ |
| चैत्री भगवती उ.स- रा.वि १२ | ६५१८८६२ | १७४०४७८ |
| धोवी घाट्टा सडक मर्मत उ.स | ३०७९५८० | १७८५७०६ |
| जम्मा | | ९५९०७६१ |

| | |
|---|---|
| अनियमित भएको | ९५,९०,७६१ |

८४ **इट्टाः** कार्यालय भवन, स्वास्थ्य चौकी, बाउण्ड्री वाल लगायतका संरचना निर्माण लगायतका निर्माण कार्यमा शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको नम्सको प्रयोग गर्नपर्ने र सो बमोजिम सामान्यतया इट्टाको प्रयोग प्रति घनमिटर ४६०

हुनुपर्ने उल्लेख छ ।यस गाउँपालिकाले यो वर्ष भवन संरचना निर्माणमा प्रति घनमिटर ४७६ इट्टा प्रयोग गरेको छ ।नम्स अनुसार इट्टाको प्रयोग स्थान अनुसार हुने उल्लेख छ ।तर फिल्ड निरीक्षणको क्रममा ३ वटा फरक फरक उद्योगको नमूना नाप लिदा औषतमा प्रति घनमिटर ४०७ रहेको पाइएकोले प्रतिघनमिटर ६९ इट्टा बढी प्रयोग भएको देखिन्छ ।तसर्थ कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष निर्माणमा कुल इट्टा प्रयोग १५३६.९६ घनमिटर रहेकोमा जम्मा १०६०५०.२४ इट्टा बढी प्रयोग भएकोले प्रति इट्टा मू.अ.कर समेत रु १९.२१ भएकोले बढी भएको इट्टाको रकम असुल उपर गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,३७,२२५ |

८५ **नम्शको पालनाः** नगरपालिकाले भवन निर्माणको लागि शहरी विकास तथा भवन निर्माण विभागको नम्श प्रयोग गरेको छ ।सडक तथा ढलान कार्यको लागि स्थानिय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) को नम्शको प्रयोग गरेकोले सडक निर्माणमा मिक्चर मेशिनको प्रयोग हुने भएकोले म्यानुअल नम्शको प्रयोग उचित र व्यवहारिक नदेखिएकोले सडक ढलानको लागि सडक विभागले प्रयोग गरेको नम्शको आधारमा खर्च लेख्नुपर्दछ । डोलिडारको नर्म्सलाई केही परिमार्जन गरी सडकमा निम्नानुसार खर्च भएकोले उक्त नम्शलाई सडक विभागको नम्श अनुसार प्रयोग नगर्दा बढी व्ययभार भएको रकमको नियमित गर्नुपर्ने देखिएको रु.

| उपभोक्ता समितीमार्फत | | | |
|---|---|---|---|
| कुल कार्य | प्रयोग गरेको दर | प्रयोग गर्नुपर्ने दर | बढी रकम |
| ११८४ घ.मी | १३३९९ | १२४४० | ११३५४५६ |
| ठेकदारमार्फत कोटेशनबाट | | | |
| ६४७ घ.मी | १४७१० | १३३५२ | ८७८६२६ |
| जम्मा | | | २०१४०८२ |

| | |
|---|---|
| अनियमित भएको | २०,१४,०८२ |

८६ **सोझै खरिदः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट मसलन्द तथा कार्यालय सामाग्री निर्माण कार्य र मेशिनरी तथा औजार शिर्षकमा खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना नगरी खरिद गरिएकोले नियमित गर्नुपर्ने रु

| गो.भौ.नं. मिति | आपूर्तक | विवरण | रकम |
|---|---|---|---|
| २००- ०७९।१०।१७ | ए टू जेड ट्रेडर्स एण्ड सप्लायर्स | स्टेशनरी समाग्री | ८६००५ |
| २००- ०७९।१०।१७ | निधि ट्रेडर्स एण्ड सप्लायर्स | स्टेशनरी समाग्री | ३१८७५ |

| | | | |
|---|---|---|---|
| २००- ०७९।१०।१७ | शुभनित ट्रेडर्स एण्ड सप्लायर्स | स्टेशनरी समाग्री | ४७९०० |
| २२०-०७९।११।०५ | नविन अफसेट प्रेस | स्टेशनरी समाग्री | ३४९१७० |
| ५०२-०८०।०३।२० | ए टू जेड ट्रेडर्स एण्ड सप्लायर्स | स्टेशनरी समाग्री | ११७१२८ |
| ५०२-०८०।०३।२० | न्यु आधुनिक सप्लायर्स | स्टेशनरी समाग्री | २०१४८ |
| ५०२-०८०।०३।२० | निधि ट्रेडर्स एण्ड सप्लायर्स | स्टेशनरी समाग्री | १४०३६७ |
| ५०२-०८०।०३।२० | विवेकान्द सप्लायर्स | स्टेशनरी समाग्री | ३८५३१० |
| ५०४-०८०।०३।२० | आर. के. ट्रेडर्स एण्ड सप्लायर्स | स्टेशनरी समाग्री | ५७५३३ |
| ३९-२०७९।०६।१३ | अकिल स्टोर्स सप्लायर्स | मसलन्द समाग्री | २७६९६२ |
| ४०-२०७९।०६।१३ | अकिल स्टोर्स सप्लायर्स | मसलन्द समाग्री | १८८१९२ |
| ८२-२०७९।०८।१३ | न्यू आधुनिक सप्लायर्स | मसलन्द समाग्री | १६११५४ |
| १४१-२०७९।०९।१९ | न्यू आधुनिक सप्लायर्स | मसलन्द समाग्री | १२४९४० |
| २७०-२०८०।०१।१३ | शुभनित ट्रेड एण्ड सप्यालर्स | मसलन्द समाग्री | २११८९१ |
| २७२-२०८०।०१।१३ | निधी ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द समाग्री | ११९६८३ |
| ५०२-२०८०।०३।२० | ए.टु जेड ट्रेड एण्ड सप्लायर्स | मसलन्द समाग्री | ११७१२८ |
| ५०२-२०८०।०३।२० | निधी ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द समाग्री | १४०३६७ |
| ५०२-२०८०।०३।२० | विवेकानन्द सप्लायर्स | मसलन्द समाग्री | ३८५३१० |
| जम्मा | | | २९६१०६३ |

| | |
|---|---|
| अनियमित भएको | २९,६१,०६३ |

८७ **धानबाली पकेट विकास कार्यक्रम**

८७.१ ॐ शंकर गणेश लक्ष्मी बहुउद्देश्यिय सहकारी संस्था लि. ले धानबाली पकेट विकास कार्यक्रम गर्दा सिंचाइ मोटर ६ थान, डिजल इन्जिन पम्पसेट ७ थान, ४ इन्च स्यालो टयुवेल र ३ एचपी पम्पसेट मोटर र डेलीभरी पाइप समेत ११ जनालाई बुझाएको भरपाइ पेश भएकोले सामानभन्दा बढी भरपाई पेश भएको छ ।कार्यालयबाट ती बील भरपाईमा प्रमाणित गरेको छैन । संचालित कार्यक्रम कृषि ज्ञान केन्द्रको कार्यक्रमसँग दोहोरिएको छैन भन्ने सुनिश्चितता र प्रमाण पेश गर्नुपर्ने देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८७.२ प्रतिवेदन पेशः ॐ शंकर गणेश लक्ष्मी बहुउद्देश्यिय सहकारी संस्था लि. नयाँ धानबाली पकेट विकास कार्यक्रम संचालन गर्न रकम उपलब्ध गराएकोमा उक्त संस्थाले गरेको कामको प्रगती र रकमको सदुपयोग र प्रगति प्रतिवेदन पेश नगरी भुक्तानी भएकोले उक्त रकम नियमित नभएको रु.

| अनियमित भएको | ११,२२,८३९ |
|---|---|

८८ **पोलिटेक्निकल कलेजः**

८८.१ नगरपालिका भित्रको वडा नं १ मा पोलिटेक्निकल कलेज निर्माण गर्न मू.अ.कर समेत ३ करोड ६० लाख ७४ हजार ६१३ मा ल.इ तयार गरी भगत ग्रुप अफ कन्स्ट्क्सनले न्यूनतम कबोल रु. करोड ३४ लाखमा ठेक्का कबोल गरेको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

सम्झौता बमोजिम निर्माण कार्य जारी रहदैको स्थितिमा निर्माण कार्यको बीमा २०८०।०३।१८ मा समाप्त भैसकेकोले बीमाको निरन्तरता दिइ जोखिम न्यूनिकरण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८८.२ फलामे डण्डीको प्रयोग गर्दा दर विश्लेषणको वखत नै नोक्सानी बापत ५ प्रतिशत थप गरीने र ल्याप्स र चियर्स वापत अधिकतम ५ प्रतिशत गरी बढीमा १० प्रतिशत थप गर्न सकिने व्यवस्था र अभ्यास रहेको छ । तर यस नगरपालिकाले पोलिटेक्निकल कलेजको निर्माणमा पहिलो,दोस्रो र तेस्रो रनिङ्ग बीलबाट प्रत्येक बीलमा इस्टिमेट परिमाणको २८३४३ के.जी को १२.१३ प्रतिशतले नोक्सानी र ल्याप्स बापत थप दिदा २.१३ प्रतिशतले बढी भइ प्रत्येक रनिङ्ग बीलबाट ६०४ के.जी बढी हुँदा तेस्रो रनिङ्ग सम्म १८११ के.जी ले बढी भइ प्रति के.जी मू.अ.कर समेत १५० को दरमा असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २,७१,६६८ |
|---|---|

८८.३ विशेष अनुदान तर्फको न.पा ले १९ प्रतिशत र संघिय ८१ प्रतिशत व्यहोर्ने व्यवस्था रहेकोमा नगरपालिकाले व्यहोर्ने रकम कट्टा नगरी संघिय श्रोतबाट मात्रै कट्टा गरेको रु.

| प्रमाण पेश नगरेको | २५,५३,०७६ |
|---|---|

८८.४ दोस्रो पटक म्याद थप हुँदा समेत निर्माणको कार्य सम्पन्न हुन नसकेकोले समयतालिका अनुसार कार्य सम्पन्न गराउन निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ८९ गजेन्द्र नारायण सिंह अस्पतालमा भवन निर्माणः

८९.१ अस्पतालमा भवन निर्माण गर्न रु.८ करोड ४२ लाख ७१ हजार (मू.अ.कर सहित र पि.एस बाहेक) मा इविडिङ्ग मार्फत खरिद प्रक्रिया गरेकोमा ६ करोड ४ लाख ४९ हजारमा (मू .अ.कर सहित र पि.एस बाहेक) कनटेक-चक्रेश्वरी- जे.भी सँग ठेक्का सम्झौता भएको छ ।निर्माण कार्यमा डण्डीको प्रयोग गर्दा बढीमा १० प्रतिशत ल्याप,चेयर र खेरजाने डण्डी प्रयोग हुनेमा १५ प्रतिशत कायम गरी भुक्तानी हुँदा ५ प्रतिशत बढिले ६१९३ किलो थप भुक्तानी भएकोले मू.अ.कर समेत डण्डीको दर ११६.३८ ले बढी भुक्तानी भएको रु.७ लाख २० हजार ५२३ र एज विल्ट नक्शाको प्रमाण पेश नगरी रु.५० हजार समेत भुक्तानी भएको असूल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,७०,५२३ |

८९.२ स्थलगत अनुगमनको क्रममा साइड क्लियरेन्स र निर्माण बापतको रकम भुक्तानी भैसकेपनि निर्मित भवनको अगाडि जग्गा नसम्याइ खाल्डो रहेकोले उक्त कम्पाउण्डमा सम्याएर लेबलमा बनाउनुपर्ने देखिएको छ ।निर्मित भवनमा छतको स्लावमा पानी निस्कने प्रवन्ध नगरी कार्य गर्दा छतमा पानी जमेको देखिएको र प्रत्येक तलाबाट ग्राउण्ड सम्म भित्रैबाट पानी चुहिएको र सिपेज भइ भवनको फल्स सिलिङ्गमा समेत पानीले असर गरेको स्लावको Expanes on joing ढलानको भागमा चिरा परेको देखिन्छ ।अन्तिम बीलको भुक्तानी गर्दा गुणस्तर परीक्षण प्रमाण समेत पेश नभएकोले निर्माण व्यवसायी लाइ जिम्मेवार बनाइ त्रुटी सच्याउने अवधिमा सबै कार्यहरु सही र गुणस्तरीय रुपमा तयार गर्नुपर्ने देखिएको छ ।छतमा निस्कने ढोका पूर्ण रुपमा क्षति भएको,प्रत्येक कोठामा विधुतको जडान कार्य बाकी रहेको स्थितीमा हतारमा हस्तान्तरण गर्ने र हस्तान्तरण बुझाउने व्यक्तिहरु जिम्मेवार हुनु पर्दछ ।सिमेन्ट वोर्डका लागि ६१६ घ.मी. को बिओयु मा कायम गरेकोमा स्थलगत निरिक्षण क्रममा स्लाव, सिलिङ्ग, वालहरु, पिलर एक तिहाई भागमा पुनःमर्मत र पुनस्थापना गर्नुपर्ने देखिएको छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ९० विधुत सामान र सडक बत्ती

९०.१ यस पालिकाले आर्थिक वर्ष २०७९\८० को लागि सडक बत्ती र विधुत सामानको लागि ६० लाख ७४ हजार ३३८ खर्च लेखेको छ। खर्च लेखेको मध्ये अधिकांश गत आर्थिक वर्षमा भुक्तानीको बाँकी रहेको कारण जनाई भुक्तानी गरेको छ। गत आर्थिक वर्षमा विधुत सामानको लागि किन भुक्तानी गर्न बाँकी रह्यो ?कुन कुन फर्मलाई भुक्तानी गर्न बाँकी रह्यो ? भनी फर्मगत विवरण र त्यसको प्रमाणित आधार बेगर खर्च लेखेको छ। यसरी खर्च लेख्ने परिपाटीमा अन्त्य हुनुपर्दछ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न अनुसार रहेका छन्।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९०.२ खरिद गरि भुक्तानी खर्च लेखेको मध्ये ५३ लाख १ हजार २६६ को सामानको पटक-पटक सोझै र बिना दरभाउ बेगर समेत गरी खर्च लेखेको छ। यसरी पटक पटक सोझै खर्च लेख्ने पद्धतिको अन्त्य गरी कुन कुन वडामा के-कति समानको आवश्यकता हो ? सो आधारमा एकमुष्ट माग संकलन गरी खरिद योजना बनाएर खर्च गर्ने पद्धति बसाल्नु पर्दछ। यसरी पटक पटक गरी टुक्रा टुक्रा सामान खरिद गरी PAMS प्रणालीमा प्रविष्ट गरेपनि ति समान कहाँ, कहिले, कसरी प्रयोग भए भन्ने प्रमाणित लगसिट र रजिष्टारको अभिलेख राखेको छैन। विधि सम्मत तवरले खर्च गर्नुपर्नेमा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९०.३ सडक बत्ती र विधुतजन्य मालसामानको प्रतिस्पर्धी नगरी खरिद कार्य गर्दा मितव्ययी प्रकृया नभएको, सामानको गुणस्तर एकिन गरी सप्लायर्सलाई वारेन्टी, ग्यारेन्टी सम्बन्धमा जिम्मेवार गराउन नसकेकोले यी समान छोटो समयमा बिग्रिएमा यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्न उठेकोले , यसरी खर्च गर्ने कार्यालय प्रमुख, प्रशासन र आर्थिक कारोवार संग सम्बन्धित खर्च लेख्ने कर्मचारी र बजेट टुक्रा गरी पारित गर्ने पदाधिकारी यसमा जवाफदेही हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९०.४ निम्नानुसारको सडक बत्ती सामान एलइडी बल्ब, भेपरलाइटको लगायतको सामानको लागि रु ५३ लाख १ हजार २६६ को सामानको कार्य सम्पन्न गरी बिधुतको जडान सम्पन पेश गर्नुपर्ने ।

| क्रस | सामान | परिमाण | रकम |
|---|---|---|---|
| १ | एलइडी बल्ब | ६२१९ थान | १८०१७९५ |
| २ | भेपरलाईट | ५९७१ थान | ७७३९५० |
| ३ | विजुलीको तार | १३६१.२२ मी | १२१००४२ |
| ४ | बल्ब साडेडर | ३६०० थान | १६६१०० |
| ५ | स्वीच | ३९२० थान | २१८०३५ |
| ६ | सडक बत्ती | २०७ थान | ११३१३७४ |
| जम्मा | | | ५३०१२६६ |

सैद्धान्तिक बेरुजु

९०.५ सडकबत्ती लगायत विधुत सामाग्री र तार समेतको ५३ लाख १ हजार २६६ को सामानको सार्वजनिक खरिद नियमावलीको दफा ७(३) बमोजिम खरिद योजना बनाउने, दफा ८ को १(क) बमोजिम खरिद विधि तय गर्ने, दफा ३१ अनुसार बोलपत्रको माध्यमबाट प्रतिस्पर्धी गराई खरिद कार्य गर्ने, प्रकृया बेगर लागत अनुमानलाई टुक्रा टुक्रा गरी अप्रतिस्पर्धी तवरले पटक-

पटक खरिद गरेको छ । नगरपालिकाले खर्च गरेको रकम बराबरको संख्यामा सडक बती जडान गरेको प्रमाण प्रतिवेदन गरी नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ५३,०१,२६६ |

९०.६ यस नगरपालिका भित्र १६ वटा वडा समेतमा PSC कंक्रिट विधुत पोल र ग्याल्वनाइज पोल समेत गरी जम्मा ६ हजार पोल रहेकोमा LED वल्व ६२१९ थान, भेपर लाइट ५७७१ थान र सडक बत्ती २०७ थानको PAMS मा आम्दानी गरी खर्च गरेको छ । यी सबै बत्तीको संख्या १२ हजार १९७ हुन आउँछ । विधुत पोल संख्या र जडान भएको बत्ती भन्दा ६१९७ देखिएको छ ।पोल भन्दा बढी बत्ती संख्या खपत भएकोमा छानविन गरी कहाँ-कहाँ कति प्रयोग भएको हो र बाकी बत्ती संख्या कसरी खर्च भयो भन्ने एकिन गरी प्राविधिक प्रतिवेदन पेश गर्नुपर्दछ ।टुक्रा गरेर खरिदमा उद्धत हुनेलाइ जिम्मेवार बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९०.७ स्थलगत अनुगमनको क्रममा केही गल्लीमा रातको समयमा सरकारी पोलमा बत्तीहरु नबलेकोले अध्यारो रहेको देखियो ।निजी घरको बत्तिले सडकमा केहि उज्यालो बनाएको देखियो ।यसरी पटक-पटक गुणस्तर एकिन नगरी प्रतिस्पर्धा बेगर वारेन्टी र स्पेशिफिकेशन बेगर सभाबाट तथा नगरसभाबाट वडा कार्यालयमा प्रयोग गर्ने गरी पटक -पटक रकम विनियोजन र खर्च हुने गरेको पाइयो ।सम्बन्धित पदाधिकारीहरु यस विषयमा जिम्मेवार भइ प्रतिस्पर्धी, मितव्ययी र गुणस्तरीय तवरले कार्य गराउन संवेदनशिल हुनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९१ **बढी भुक्तानी** (७६-२०७९-८-२७): राजविराज नगरपालिकाले अधुरो इन्जिनियरिङ्ग कलेज निर्माण गर्न निर्माण व्यवसायी सेफ स्टिलसँग मू.अ.कर समेत ४६१२९९८०।५४ को सम्झौता गरेकोमा अन्तिम कार्य सम्पन्न हुँदा सम्म ४६५२६८०० भुक्तानी भएकोले सम्झौता भन्दा बढी हुने गरी गरेको भुक्तानी रकम असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९६,८२० |

९२ **वडा संचालन खर्चः** वडा कार्यालयको विधुत, पानी, कार्यालय सामान,इन्धन र सामान्य चियापान,कार्यालय मसलन्द लगायतको कार्यमा वडा संचालनको खर्च लेख्नुपर्नेमा प्रत्येक वडामा अतिथी सत्कार र वडाध्यक्ष पदभार ग्रहण भनी वडासचिवलाई निम्नानुसार खर्चको सोधभर्ना दिएको उचित देखिएन ।यसरी लेखेको खर्चको वार्षिक कार्यक्रममा समावेश नभएको पुजीगत शिर्षकबाट विनियोजन खर्च लेखेकोले मितव्ययी कार्यप्रक्रिया अपनाउदै कार्य संचालन हुनुपर्ने र यसरी गरेको खर्च नियमित हुनुपर्ने रु.

| गो.भौ नं र मिति | सोधभर्ना पाउने | रकम | प्रयोजन |
|---|---|---|---|
| ७७-२०७९।०८।२९ | लक्ष्मण साह सोनार | १९५००० | वडा ६ अध्यक्ष पदभार |
| ७८-२०७९।०९।२० | अमरदत्त | १९७६०० | वडा ८ अध्यक्ष पदभार |
| ७९-२०७९।०८।२१ | राज कुमार पटेल | १९६३४० | वडा १२ अध्यक्ष पदभार |
| ८०-२०७९।०९।२६ | रामकृष्ण रजक | १९६८०० | वडा ५ अध्यक्ष पदभार |
| ८३-२०७९।०९।२९ | कल्पना देव | १८७९३८ | वडा ७ अध्यक्ष पदभार |
| ९७-२०७९।११।०५ | राम प्रसाद दास | १९९०७० | वडा १० अध्यक्ष पदभार |
| १०९-२०८०।०१।०८ | मो. वकिल | १९६००० | वडा १५ अध्यक्ष पदभार |
| १२८-२०८०।०२।०५ | मो.आलम खान | १९५९६५ | वडा ९ अध्यक्ष पदभार |
| ८८-२०८०।०२।०४ | शुभ नारायण यादव | १९१९०० | वडा १५ अध्यक्ष पदभार |
| १६०-२०८०।०२।३० | अमरनाथ दत्त | १९४३८० | वडा २ अध्यक्ष पदभार |
| जम्मा | | | १९५०९३३। |

| | |
|---|---|
| अनियमित भएको | १९,५०,९९३ |

९३ **फर्माको बढी भुक्तानीः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ३९ अनुसार प्रमाण कागजजात बील, भरपाइको आधारमा मात्रै भुक्तानी दिन मिल्दछ ।सडक ढलान लगायतका कार्यमा नम्शमा फर्मवर्क बापत भुक्तानी भैसकेको स्थितिमा ठेकेदार तथा उपभोक्ताको रनिङ्ग बीलमा पनि पुनः थप गरी भुक्तानी गरेकोले उक्त रकम असूल गर्नुपर्ने रु.

| गो.भौ.नं र मिति | रनिङ्ग बीलमा थप दिएको रकम |
|---|---|

| | |
|---|---|
| २६-२०७९।०६।१३ (न.पा पूँजीगत) | ७४६७ |
| २८-२०७९।०६।१३ (न.पा पूँजीगत) | ९२२७ |
| १८१-२०८०।०३।३ (न.पा पूँजीगत) | ९२१३।७२ |
| १९४-२०८०।०३।२४(न.पा पूँजीगत) | २९९६९ |
| ८-२०७९।०९।२९ (सडक बोर्ड) | ६६१४ |
| ९-२०७९।०९।२९ चौती भगवती उ.स | ६१४६ |
| १५-२०७९।१०।१७ (सडक बोर्ड) | ७०९४ |
| १३-२०८०।०३।२३ पिपरारी टोल देखि एम सिक्स एल नहर देखि मुसठी सडक | ८३७६० |
| शुभम मार्ग देखि पिस जाने स्कुल अधुरो नाला | ३०८६० |
| जम्मा | १९०३५१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९०,३५१ |

९४ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १५ देखि ४० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्मशमानै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणीत गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्मशमा समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमनको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि.नं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | वडा न.१ मा राजविराज पोलिटेक्निक इन्स्टिच्युटको शैक्षिक भवन निर्माण कार्य | ०१/०७९/८० | भगत ग्रुप अफ कन्स्ट्रक्सन प्रा. लि. | ३८७९१0८३.४६ | २३४२५९५६.२९ | ४0 |
| २ | वडा न.१,४,९,१३,१५ मा बिधालय भवन निर्माण | ०२/०७९/८० | भगत ग्रुप अफ कन्स्ट्रक्सन प्रा. लि. | ५२३८५८00.४६ | ४४४८७२३३.२४ | १५ |
| ३ | वडा न.९ मा आधारभूत स्वाश्थ्य भवन निर्माण | ०३/०७९/८० | हाम कन्स्ट्रक्सन एण्ड इन्जिनियरिंग प्रा. लि. | ८000५९४.0९ | ५२३३२४५.७० | ३४ |

सैद्धान्तिक बेरुजु

९५ **खरिद योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने र नियम ८ अनुसार वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ ।तर पालिकाले वार्षिक खरिद योजना तयार नगरी खरिद कार्य गर्ने गरेको छ । जसले गर्दा ठेक्का व्यवस्थापन नहुने, उपयुक्त समयमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्ति नहुने, समयमा नै निर्माण कार्य सम्पन्न नहुने र पूँजीगत खर्च पनि वर्षान्तमा अत्याधिक पुगेको देखिन्छ । अतः वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९६ **स्वास्थ्य चौकी भवन वडा नं ९**

९६.१ नगरपालिकाको वडा नं ९ मा स्वास्थ्य चौकी भवन निर्माण गर्न न्यूनतम कबोल गर्ने हेमा कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा.लि ले मू.अ.कर सहित ५२ लाख ३३ हजार २४५ मा कबोल गरेकोमा मिति २०८०।०३।२५ मा कार्य सम्पन्न हुने गरी सम्झौता भएकोमा समयमा सम्पन्न हुन नसकी हाल म्याद थपको प्रक्रियामा रहेको छ ।यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन् ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार निर्माण कार्यको बीमा गराइ जोखिम न्यूनिकरण गर्नुपर्नेमा उक्त प्रक्रियाको पालना नगरी खरिद प्रक्रिया अघि बढेको देखियो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९६.२ संघिय शसर्त कार्यक्रम बमोजिम नगरपालिकाले ५० प्रतिशत व्यहोर्नु पर्ने रकम नव्यहोरी पुरै रकम संघिय स्रोतबाट खर्च लेखेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७७,५३२ |

९७ **कार्यसम्पन्न प्रतिवेदन** (५९-२०८०-३-१२)ः आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली नियम २०७७ को नियम ३९ अनुसार प्रमाण कागजात बील भरपाइको आधारमा मात्रै खर्च लेख्नुपर्नेमा व्यवस्था रहेको छ । विद्यालय कक्षा कोठा निर्माणमा उक्त गो.भौ नं र मितिमा रु. ४५ लाख निकासा भएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००,००० |

९८ **अनुगमन प्रतिवेदन** (८१-२०८०-३-२३)ः प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना अन्तर्गत ५० प्रतिशत अनुदानमा कृषकहरुलाई बजरंगी सहकारी संस्था लि. मार्फत रु.५४१५३२। भुक्तानी खर्च लेखेकोमा बीउबीजन तथा मोटर र वोरिङ्ग समेतको आधारमा कार्यक्रम संचालन भएको र भुक्तानी खर्च लेखेको मालसामानको सदुपयोगको स्थिती एकिन गर्न अनुगमन प्रतिवेदन पेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४१,५३२ |

९९ **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०० **ल्याब टेष्टः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५५ अनुसार गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा निम्न भौ.नं र मितिमा गुणस्तर बेगर लेखेको खर्च असुल गर्नेपर्ने रु.

| भौ.नं र मिति | रकम |
|---|---|

| | |
|---|---|
| २६-२०७९।०६।१३ | ८४३७ |
| २८-२०७९।०६।१३ | ३९५५ |
| जम्मा | १२३९२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३९२ |

१०१ **रसीद नियन्त्रण खाता -** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरुको नगदी रसिद नियन्त्रण खाता राख्नुपर्दछ। कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसिद बाँकी थिए र यो वर्ष कति खर्च भई के-कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडा र कार्यालयमा के-कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपयुक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। रसिदको प्रयोगलाई व्यवस्थित बनाउनु पर्दछ। लेखापरीक्षण क्रममा आन्तरिक राजश्व नगदी र मालपोत रसीदहरुको परीक्षण गर्दा देहायका वडाका वडा सचिवहरुले ठेली प्रयोग गरेको देखियो र लेखापरीक्षण क्रममा पेश नभएकोले पालिकाले देहायका वडा सचिवलाई जिम्मेवार बनाई यकिन गर्नुपर्ने।

| वडा नं | वडा सचिवको नाम | नगदी ठेली संख्या | मालपोत ठेली संख्या | जम्मा ठेली |
|---|---|---|---|---|
| १२ | राजकुमार पटेल | १ | १ | २ |
| १५ | मो वकील | ० | २ | २ |
| १० | राम प्रसाद दास | १ | २ | ३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०२ **मनोरन्जन कर -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा भिडियो हल सांस्कृतिक प्रदर्शन हल संगित थिएटर मनोरन्जन प्रदर्शन हल ऐतिहासिक स्थलको शुल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष ०७८/७९ मा नगरपालिकाले मनोरन्जन कर राजस्व उठाउने अनुमान प्रस्ताव गरेकोमा असुली शुन्य देखियो । नगरपालिकाको क्षेत्रभित्र उठनुपर्ने मनोरन्जन कर यकिन गरी असुल गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०३ **घर जग्गा कर र व्यवसाय कर -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७ र ५८ अनुसार नगरपालिका वा गाँउपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रमा घर जग्गा कर , घर बहाल कर र व्यवसाय कर कानून बमोजिम उठाउन सक्ने व्यवस्था रहेकोमा राजविराज नगरपालिकाको आर्थिक बिधेयक २०७९ को अनुसुची १,३ र ४ बमोजिम विभिन्न शिर्षकवाट कर उठाउने दर तोकिएको छ। लेखापरीक्षणले गत विगत देखि नै कर असुल गर्न बाँकी रहेको लेखदै आई रहेकोमा पालिकाले

ध्यान नदिएको तथा घर जग्गा कर र व्यवसाय करको लगत अधावधिक नराखेकोले औषत दर राखि आ.व. २०७९/८० मा कर उठन बाँकी देखिएको रु २८४२२६७ असुल गर्नुपर्ने रु.

| आय शीर्षक | कर दाता संख्या | आ.व. २०७८/०७९ को असुल हुन बाँकी रकम रु. | आ.व. २०७९/०८० को असुल हुनुपर्ने रकम रु | आ.व. २०७९/०८० को असुल भएको रकम रु. | आ.व. २०७९/०८० को असुल हुन बाँकी रकम रु. |
|---|---|---|---|---|---|
| घर जग्गा कर | ३६१० | २४२५००५ | १०८३००० | ३७७२३० | ७०५७७० |
| व्यवसाय कर | ३०९९ | ११८५४४३ | ३२५३९५० | १११७४५३ | २१३६४९७ |
| जम्मा | | | | | २८४२२६७ |

| असुल गर्नुपर्ने | २८,४२,२६७ |
|---|---|

१०४ **खाडो नदी नियन्त्रण -** नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्नुपुर्व IEE प्रतिवेदन प्राप्त गरी गर्नुपर्नेमा पालिकाले IEE नगरी सुचना प्रकाशन गरी ठेक्का लगाएको देखिन्छ। खाडो नदी नियन्त्रण बालुवा पटके ठेक्का लगाउदा प्रदेश आर्थिक ऐनमा तोकिएको दर निर्धारण नगरी र नदीजन्य पदार्थको ठेक्का, विक्री, सम्झौता सर्त तथा बालुवा बिक्री व्यवस्थापामा नेपाल सरकारवाट स्वीकृत मापदण्ड अनुसार नभएको देखियो।पालिकाले राजस्व परामर्श मुल्याङ्कन समितिको मुल्याङ्कन वेगर नै न्युनता कबोल अंक १०११११ राखि मिति २०७९।३।०५ सुचना प्रकाशन गरी अधिकतम कबोल अंक ७५५००० मा मनोज कुमार यादव संग १ वर्षे सम्झोता गरेको देखिन्छ।न्युनतम कबोल अंकको ७४६ प्रतिशत बढीमा सम्झौता भएकोले मुल्याङ्कन हचुवाको आधारमा भएको देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

१०५ **घर जग्गा बहाल कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, ठहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बाहलमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बाहल रकममा बाहल कर लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७९।८० मा पालिकाले रु ५२३९६५५ घर जग्गा बाहल कर संकलन गरेको पाइयो । पालिकाले घर जग्गा बहाल करको लगत नराखेकोले कति कर उठनु पर्ने हो यकिन गर्न सकिएन।यस पालिकाले क्षेत्रभित्र उठ्नु पर्ने घर जग्गा बाहल कर एकिन गरी असुल गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१०६ **सटर भाडा** - नगरपालिका बाट प्राप्त विवरण अनुसार नगरपालिकाको स्वामित्वमा रहेको सटरहरु मासिक भाडामा लगाउने सम्झौता अनुसार देहायको सटर भाडामा लगाउने गरी सम्झौता भएको देखियो । सटर भडामा लगाएको सम्झौताको दफा ३ मा प्रत्येक महिनाको ७ गते भित्र भडा बुझाउनुपर्ने , ७ दिन पछि ७ प्रतिशत जरिवाना सहित दोस्रो महिना बुझाउनु पर्ने व्यवस्था छ । दोस्रो महिनामा समेत भडा नबुझाएमा तेस्रो महिना १ गते देखि बाँकि रकममा १० प्रतिशत सकार रकममा जरीवाना लाग्ने व्यवस्था छ । तर नगरपालिकाले समयमा सटरभाडा नबुझाउने लाई सम्झौता अनुसार कारवाही गरी जरीवाना समेत असुल गरेको पाइएन । तर्सथ लेखापरिक्षणमा उपलब्ध विवरण अनुसार आ.व. २०७९/८० असार मसान्त सम्म देहायका बमोजिम रकम असुल गर्न बाँकी देखिएकोले उक्त रकममा जरीवाना समेत असुल उपर गर्नुपर्ने रु

| सटर नं | सकार कर्ता | सम्झौता मिति | अवधि | मासिक कबोल | आव २०७९/८० मा जम्मा दालिला | आव २०७९/८० असुल गर्न बाँकी |
|---|---|---|---|---|---|---|
| नपा कम्पाउड पश्चिमतर्फको गिलेशन | | | | | | |
| १ | मिथिला पुस्तक भण्डार | पेश नभएको | पेश नभएको | १५१०० | १६६१०० | १५१०० |
| ४ | दिपक एण्ड आदित्य कन्सट्रक्स | पेश नभएको | पेश नभएको | १३५०० | ९४५०० | ६७५०० |
| ६ | नितु देवी साह | पेश नभएको | पेश नभएको | १२१७१ | ० | १४५९३२ |
| ८ | नविन कुमार साह | पेश नभएको | पेश नभएको | ११००० | १२१००० | ११००० |
| ९ | चन्द्रिका देवी चौधरी | पेश नभएको | पेश नभएको | १२१०० | ४८४०० | ९६८०० |
| नपा कम्पाउड उत्तरतर्फको गिलेशन | | | | | | |
| १ | अलहसन इन्टरनेशनल एण्ड ट्रेडर्स | २०७९।१०।१५ | २ वर्ष | १२२०० | ४२७०० | २४४०० |
| २ | बजरंग पेडा भण्डार | २०७९।१०।१५ | २ वर्ष | १३५०० | ० | ७४२५० |
| ५ | दिपक फोटोकपी | २०७९।१०।१५ | २ वर्ष | १२३०० | ० | ६७६५० |
| ७ | चौधरी फोटोकपी सेन्टर | २०७९।१०।१ | २ वर्ष | १५७७१ | ० | ९४६२६ |
| २० | रन्जना होटल | २०७९।१०।१ | २ वर्ष | २४००० | २८८००० | २४००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं ७ पुरानो बारुण यन्त्रको गिलेशन | | | | | | |
| १ | कामनी कुमारी वर्मा | पेश नभएको | पेश नभएको | ३५६१ | १९३९४ | १९३३८ |
| २ | राम बाबु दास | पेश नभएको | पेश नभएको | ३५६१ | २१०९६ | २१०९६ |
| ३ | नितु देवी साह | पेश नभएको | पेश नभएको | ४७०६ | २८२३६ | २८२३६ |
| ५ | दिपमाला चौधरी | पेश नभएको | पेश नभएको | ३५५७ | २२१९२ | २०४९२ |
| ६ | पिंकी देवी दास | पेश नभएको | पेश नभएको | २१०५ | १२२५७ | १३२५७ |
| नपा कम्पाउन्डको दक्षिण तर्फको गिलेशन | | | | | | |
| ०२ | अन्नु सुन चाँदी रिफाइनरी सेन्टर | ०७९।१०।०१ | २ वर्ष | ९५५५ | २८६६५ | २८६५५ |
| ०४ | दाथजी बली | ०७९।१०।०१ | २ वर्ष | ८६०० | ४३००० | ८६०० |
| ०७ | आशिष जोशी | ०७९।१०।०१ | २ वर्ष | ९००० | ४५००० | ९००० |
| ०८ | कृष्ण चन्द्र मण्डल | ०७९।१०।०१ | २ वर्ष | ९१०० | ४५५०० | ९१०० |
| जम्मा | | | | | | ७७९०३२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,७९,०३२ |

## १०७ घटी दाखिला

१०७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा केही वडा असुली तथा दाखिला परीक्षण गर्दा वडा नम्बर ४, ६, १५ नगदी र मालपोत बाट यो वर्ष आम्दानी रु . २६१०१४ भएकोमा आर्थिक वर्षको अन्त्यमा रु. ९३०८१ मात्र दाखिला गरेको नपुग रकम रु. १६७९३३ देहायका कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु

| वडा नं | बडा सचिव | प्रकार | उठाएको रु. | दाखिला रु. | घटि रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ओम प्रकाश साह | मालपोत र अन्य सिफारिस दस्तुर रसिद | ९८९८२ | २२५४० | ७६४४२ |
| ६ | दिनेश प्रसाद यादव | मालपोत र अन्य सिफारिस दस्तुर रसिद | १२५४०० | ४९५०० | ७५९०० |
| १५ | मो. वकील | मालपोत र अन्य सिफारिस दस्तुर रसिद | ३६६३२ | २१०४१ | १५५९१ |
| जम्मा | | | २६१०१४ | ९३०८१ | १६७९३३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६७,९३३ |

१०७.२ पालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०७९ मा नागरिकता प्रतिलिपि सिफारिस, जग्गा नामसारी सिफारिस,नाम,उमेर, जन्ममिति सिफारिस, नाता प्रमाणित लगायत जस्ता सिफारिसको दस्तुर लिनुपर्ने व्यवस्था रहेको छ । वडा नं १४ का वडा सचिव मो. वकील र वडा नं १६ का वडा सचिव तरुण कुमार यादवले चलानी किताबमा क्रमस ४९० र ९०७ वटा सिफारिस दस्तुर नलिई सिफारिस गरेकोले सिफारिस दस्तुरको औसत दर १०० लिई देहायका वडा सचिवबाट सिफारिस आधारमा संकलन हुनुपर्ने राजश्व असुल उपर गर्नुपर्ने रु

| वडा सचिवको नाम | औषत दर | सिफारिस संख्या | असुल गर्नुपर्ने रु |
|---|---|---|---|
| मो. वकील | १०० | ४९० | ४९००० |
| तरुण कुमार यादव | १०० | ९०७ | ९०७०० |
| | जम्मा | | १३९७०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३९,७०० |

१०८ **छुट तथा मिन्हा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आय ठेक्का लगाएको ठेक्कामा छुटको प्रावधान उल्लेख नभएको, बोलपत्र सम्वन्धी शुरु कागजात तथा बोलपत्र आह्वानको सूचनामा छुट सम्वन्धी प्रावधान समावेश नभएको तथा शूरु सम्झौतामा यस सम्वन्धमा व्यवस्था नभएकोमा समेत पालिकाले हटिया गुदडी ठेक्का वापत ठेकेदार विजय कुमार साहले एकमुष्ट रकम दाखिला गरेको भन्दै कबोल अंक ४५८७००० को १० प्रतिशतले हुने रु ४५८७०० छुट तथा मिन्हा दिएको पाइयो ।सुचना तथा सम्झौतामा विपरित छुट दिएकोले यसरी छुट मिन्हा दिने अधिकारीलाइ जिम्मेवार बनाइ सो रकम असुल गर्नुपर्ने रु ४५८७००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५८,७०० |

१०९ **आय बाडफाँट -** मधेश प्रदेश आर्थिक ऐन, २०७८ को दफा ७ मा बालुवा र गिटी ठेक्काबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष बालुवा बिक्रीबाट प्राप्त आय रु ७५५००० को ४० प्रतिशत रु. ३०२००० प्रदेश सञ्चित कोष दाखिला गरेको देखिएन । आर्थिक ऐन अनुसार प्राप्त आयको ४० प्रतिशत प्रदेश सञ्चित कोष दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०२,००० |

११० **समयमा दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोदिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने र उपदफा ४ बमोजिम ३ दिन भन्दा बढी ढिलो गरेमा १० प्रतिशत जरिवाना गरी असुल गर्ने व्यवस्था छ। नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुले उठाउने राजश्व समयमा दाखिला नगरी आर्थिक वर्षको २,४,५ र ६ महिना ढिलो गरी दाखिला गर्ने गरेको पाइयो। प्रचलित ऐनले तोकेको अनुसार समयमा नै राजश्व दाखिला नगरेकोले देहायका वडा सचिववाट १० प्रतिशत जरिवाना असुल गर्नुपर्ने रु

| वडा नं | वडा सचिवको नाम | राजश्व संकलन रु | जरिवाना रु |
|---|---|---|---|
| ७ | कल्पना देव | २७०११८ | २७०११ |
| ३ | संजिव यादव | १०२८१२ | १०२८१ |
| ४ | ओम प्रकाश साह | ९८९८२ | ९८९८ |
| ६ | दिनेश प्रसाद यादव | १२५४०० | १२५४० |
| ९ | टुनाई यादव | ३०७४९६ | ३०७४९ |
| १० | रामप्रसाद दास | ७८१५१ | ७८१५ |
| ११ | हरि नारायण यादव | १६७०१७ | १६७०१ |
| १२ | राजकुमार पटेल | ७६६२१ | ७६६२ |
| १५ | मो वकील | ३६६३२ | ३६६३२ |
| १६ | दरुण कुमार यादव | ७४७९६ | ७४७९ |
| जम्मा | | | १६६७६८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,७६८ |

१११ **सिफारिस संख्या र नगदी रसिद संख्या बिच फरक -** पालिकाको आर्थिक ऐन २०७९ अनुसार सिफारिस प्रकृतिअनुसार विभिन्न दरमा सिफारिस दस्तुर लिने व्यवस्था छ। यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार वडा तर्फ रु.२१,१०,६७३ र पालिका तर्फ रु.१९४,८५,८७४ गरी जम्मा रु.२,१५,९६,५४७ राजश्व असुल गरेको छ । लेखापरीक्षणको क्रममा केही वडाहरुले

राखेको चलानी किताबमा सिफारिसको संख्या र नगदि रसिद काटेको संख्यामा तुलना गर्दा ठूलो परिमाणमा फरक देखिएकोले पालिकाले थप बिश्लेषण गरी यकिन गर्नुपर्ने अवस्था रहेको छ।

| वडा नं | चलानी किताबमा सिफारिसको संख्या | नगदी रसिदको संख्या | फरक संख्या |
|---|---|---|---|
| १ | १०३८ | २०३७ | ९९९ |
| ५ | २९९ | ६६९ | ३७० |
| ६ | ३०१ | ९१४ | ६१३ |
| ७ | ७४४ | १००९ | २६५ |
| ८ | ४६४ | १०३९ | ५७५ |
| ९ | ८५७ | १९५४ | १०९७ |
| १० | १६९ | ११०४ | ९३५ |
| ११ | १९१ | ९२० | ७२० |
| १२ | १८१ | १००० | ८१९ |
| १३ | १८७ | ८८७ | ७०० |
| जम्मा | | | ७०९३ |

सैद्धान्तिक बेरुजु

११२ **अमानतवाट राजश्व असुल** - नगर स्थानीय राजस्व परामर्श समितिको बैठक तथा ठेक्का बन्दोबस्त नहुनजेलसम्म मिति २०७९।०४।०१ देखि २०७९।०४।३० मा हटिया गुदडी बट्टी कार्य आ.व. ०७९/०८० अमानतमा राम कुमार यादबलाइ चलाउन दिएको जसवाट जम्मा रु. ३६,७५०।- राजस्व सङ्कलन भएको देखिन्छ। यस सम्बन्धि नगरपालिकावाट रसिद नियन्त्रण खाता प्रयोग नभएकोले राजस्व सङ्कलन यकिन हुन सकने अवस्था देखिदैन । नगरपालिकाले समयमा नै हाटबजार ठेक्कामा लगाउनु पर्नेमा ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११३ **समाजिक सुरक्षा कार्यक्रम संचालनः** समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए पालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय

खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ। पालिकाबाट विभिन्न त्रैमासिकमा विभिन्न बैंकलाई रकम जम्मा गर्न पठाएको रकम मध्ये भुक्तानी नभई निष्क्रिय खातामा रहेको रकम रु. १४२०२२४ मा संघीय सञ्चित कोषमा रु ७६१३४८ दाखिला भएको र बाँकी रु ६५८८७६ देहायका बैंकवाट फिर्ता लिई संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| क्रस | बैंकको नाम | वडा नं | निकासा रु | फिर्ता दाखिला रु | फिर्ता दाखिला गर्न बाकी रु |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | १,२,७,८ | ६०७०८६१८ | २२३४९९ | ० |
| २ | नेपाल एस.वि.आई बैक लि. | ९,१० | ४७१३३५०५ | २४२१५७ | ० |
| ३ | एन.आई.सी. बैंक लि. (पहिलो र दोस्रो किस्ता मात्र) | ६,१४,१६ | १९७४२६६१ | ७८३५४ | ० |
| ४ | लक्ष्मी सनराईज बैंक लि. | ३,४ | १६७८२७२० | ० | ३९६५२ |
| ५ | नवील बैंक | ५,११,१३ | ४२२२२८२१ | २१७३३८ | ० |
| ६ | प्रभु बैंक लि. (पहिलो र दोस्रो किस्ता मात्र) | १२,१५ | १६६९९१५२ | ० | ३७५०८५ |
| ७ | नेपाल बैंक लि. (तेस्रो र चौथो किस्ता मात्र) | ६,१४,१६, १२,१५ | ३८९३५०६२ | ० | २४४१३९ |
| जम्मा | | | २४२२२४५३९ | ७६१३४८ | ६५८८७६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५८,८७६ |

११४ **लाभग्राहीको खातामा रकम जम्माः** समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २५ मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ बमोजिम त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विधुतीय माध्यमबाट अनिवार्य रुपमा पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने व्यवस्था छ। पालिकाले समाजिक सुरक्षा शीर्षकबाट जम्मा ९७९५ लाभग्राहीको खातामा रकम भुक्तानी गर्न बैंकलाई प्रत्येक वडाको विवरण सहित रु २४२२२४५३९.०० निकासा दिएकोमा बैंकबाट निम्नानुसार रु १४२०२२४ फिर्ता गर्नुपर्नेमा रु ७६१३४८ फिर्ता गरेको छ र रु ६५८८७६ फिर्ता गर्न बाँकी रहेको छ। बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको विस्तृत विवरण पालिकामा पठाएको छैन । पालिकाले लाभग्राहीको खातामा रकम जम्मा गरेको विस्तृत विवरण माग गरी फिर्ता रकम एकीन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११५ **सामाजिक सुरक्षा**

**भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता वडा नं.१ देखि १६ सम्मको लागि विभिन्न ७ वटा बैंक मार्फत भत्ता वितरण गर्न रु. २४२२२४५३९ निकासा भएको छ ।

सैद्धान्तिक बेरुजु

११६ **पारदर्शिता र अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

११७ **लगत कट्टा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

**नोटः** प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ।

अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : राजबिराज नगरपालिका, सप्तरी , राजविराज नगरपालिका , सप्तरी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | धर्मानन्द जोशी | २०७९-१२-१ | २०८०-३-३१ |
| कार्यालय प्रमुख | भोगेन्द्र प्रसाद यादब | २०७८-१२-१६ | २०८०-५-५ |
| कार्यालय प्रमुख | विष्णु प्रसाद गुरुङ | २०८०-६-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शत्रुघन लाल दास | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १७,७६२,८४१ | ९४,६०२,०९४ | ३१,०३६,१८५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १४३,४०१,१२० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १४३,४०१,१२० |

स्थानीय तह : राजविराज नगरपालिका

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४८१३२२१२४.०६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६७३३३८५०० | **चालु खर्च** | ५९५१६०८७३.१७ |
| **प्रदेश सरकारबाट अनुदान** | ७००२२१०१.१४ | **पूँजीगत खर्च** | २३०४२१७९६.६५ |
| **राजश्व बाँडफाँट** | १३११४१०२१.५८ | **वित्तीय/अन्य व्यवस्था** | २७०९३४९६६.७५ |
| **आन्तरिक आय** | २००८८६०९.७३ | | |
| **अन्य आय** | ११७०८३७४.४६ | | |
| **कुल आय** | ९०६२९८६०६.९१ | **कुल खर्च** | १०९६५१७६३६.५७ |
| **बाँकी मौज्दात** | | २९११०३०९४.४ | |